जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com






वर्ष २७ •अंक ९९ • २०८२ साल भाद्र ११ गते बुधबार (27 August, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-


## पूर्वमन्त्री साहको मुद्दा विचाराधीन

**टुडे समाचारदाता**

जनकपुरधाम । पाँच वर्षदेखि पूर्वमन्त्री सञ्जयकुमार साह 'टकला' विरुद्धको भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको छ ।

२०७७ असोज ५ गते सर्वोच्च अदालतमा पुगेको मुद्दा पाँच वर्षमा १४ पटक सुनुवाइका लागि इजलाश तोकिएको छ । सो मुद्दामा एक पटक पेशीको सूचना दिने, एक पटक प्रत्यर्थी झिकाउने र दुई पटक अन्य आदेश भएको थियो । चौध पटक साप्ताहिक पेशी सूचीबाटै हटाइएको थियो ।

सो मुद्दामा दुई वर्षदेखि सुनुवाइ हुन सकिरहेको छैन । २०८० भदौ ६ मा न्यायाधीशद्वय प्रकाशकुमार ढुंगाना र डा. नहकुल सुवेदीको संयुक्त इजलासले मिसिल झिकाउने आदेश गरेको थियो । त्यसपछि यो मुद्दामा सुनुवाइ हुन सकेको छैन ।

मंगलबार प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीश श्रीकान्त पौडेलको संयुक्त इजलासको पहिलो नम्बरमा रहेको मुद्दा महान्यायाधिवक्ता कार्यालयबाट स्थगित भएको छ । अब यो मुद्दाको अन्तिम सुनुवाइ कहिलेबाट हुन्छ भन्ने अनिश्चित नै छ ।

## डेढ महिनादेखि जग्गा खरिद-बिक्री ठप्प

# मधेशमा करिब तीन दर्जन पालिकाको अझैसम्म पनि भएन जग्गा वर्गीकरण

**टुडे समाचारदाता**

जनकपुरधाम । भूउपयोग नियमावलीअनुसार स्थानीय तहले जग्गाको वर्गीकरण नगर्दा साउनदेखि कित्ताकाट रोकिएको छ । कित्ताकाट रोकिँदा जग्गा कारोबार पनि घटेको छ । यसले राजस्वमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा समय थप गर्ने विषयमा छलफल भए पनि अर्थ मन्त्रालयमा फाइल रोकिएको छ ।

कित्ताकाट रोकिनेमा ३४७ स्थानीय तह रहेको छ । यी स्थानीय तहमा जग्गाको कारोबार नभएपछि जग्गाको कारोबार गर्ने व्यवसायीहरू मन्त्रालय धाइरहेका छन् । व्यवसायीले एक वर्षको समय थप गर्न ताकेता गरे पनि सरकारले भने निर्णय लिन सकेको छैन ।

घरजग्गा कारोबार कम हुँदा चालु आर्थिक वर्ष ०८२/०८३ को साउनमा ५४ करोड ५९ लाख आठ लाख रुपैयाँले राजस्व घटेको जनाइएको छ । चालु आर्थिक वर्ष ०८२/८३ को साउनमा जग्गा कारोबारबाट तीन अर्ब २८ करोड ९१ लाख रुपैयाँ राजस्व संकलन भएको छ । गत आर्थिक वर्ष ०८१/०८२ को सउनमा तीन अर्ब ८३ करोड ५० लाख रुपैयाँ राजस्व संकलन भएको थियो ।

चालु आर्थिक वर्ष २०८२/०८३ शुरू भएसँगै जग्गाको वर्गीकरण नगर्ने स्थानीय तहमा कित्ताकाट रोकिएसँगै यी स्थानीय तहमा जग्गा किनबेच पनि ठप्प छ ।

नापी विभागका अनुसार, गएको जेठ मसान्तसम्म २५३ स्थानीय तहले आधार तथा मापदण्ड, नक्सा अद्यावधिक गरी कित्तागत विवरण सम्पन्न गरेर विभागमा बुझाएका छन् । त्यसयता कतिपय स्थानीय तहले भने जग्गा वर्गीकरण गरे भनेर पनि यकिन तथ्यांक राखेको छैन । अन्य १५३ स्थानीय तहले आधार तथा मापदण्ड तयार गरी नक्सा अध्यावधिक तथा कित्तागत विवरण तयारीको अन्तिम रुप दिन लागेका छन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले जनाए अनुसार असारको पहिलो सातासम्म १५३ स्थानीय तहले आफ्नो क्षेत्राधिकारको जग्गा वर्गीकरणको प्रक्रिया अन्तिम चरणमा पुऱ्याएको जनाए । तर मन्त्रालयले त्यसपछि यी स्थानीय तहको अपडेट लिएको छैन । भदौं अन्तिममा अपडेट लिने भट्टले बताए । उनले भने, "समय थप गर्ने वा के गर्ने भन्ने विषयमा छलफल भइरहेको छ । तर, यही गर्ने भन्ने निष्कार्षमा मन्त्रालय पुगेको छैन ।"

कित्ताकाट रोकिएका ३४७ स्थानीय तहमध्ये ८५ ले काम शुरु नै गरेका छैनन् । ५४ स्थानीय तहले कृषि क्षेत्रमा मात्र वर्गीकरण गरेको विवरण विभागमा पठाएका छन् । ४७ स्थानीय तहले आधार तथा मापदण्ड तयारी गरिरहेको



विवरण पेश गरेका छन् । सरकारले जग्गाको कारोबारलाई व्यवस्थित गर्न २०७९ सालमा भूउपयोग नियमावली, २०७९ जारी गरेको थियो । सो नियमावलीअनुसार स्थानीय तहले कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसा, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरात्तात्विक महत्व र सरकारले तोकिदिए बमोजिम जग्गाको वर्गीकरण गर्नुपर्ने हुन्छ ।

यसअघि २०८१ भदौंमा नियामावली दोस्रोपटक संशोधन गरेर समय थप गरिएको थियो । भूउपयोग नियमावली, २०७९ को नियम ५ को उपनियम (७) मा २०८२ असार मसान्तसम्म चारकिल्ला खुलाई कृषि क्षेत्र तोक्नुपर्ने व्यवस्था गरिएको थियो । तोकिएको अवधिसम्म पनि स्थानीय तहले वर्गीकरण नगरेपछि कित्ताकाट रोकिएको छ ।

व्यवसायीहरूले मन्त्रालयमा ज्ञापनपत्र बुझाएका छन् । तर मन्त्रालयले के गर्ने भनेर निर्णय लिन सकेको छैन । सो फाइल अहिले अर्थ मन्त्रालयमा गएर अड्किएको छ । अर्थ मन्त्रालयबाट पास भएर कानुन मन्त्रालयमा गएपछि मात्र के गर्ने भन्ने यकिन हुने प्रवक्ता भट्टले बताए । सप्तरीको सप्तकोशी नगरपालिका, कञ्चनरुप नगरपालिका, सिरहाको सिरहा, औरही गाउँपालिका, सिरहा नगरपालिकामा आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गर्दै गरेको र विष्णुपुर गाउँपालिकामा, महोत्तरीको एकडारा नगरपालिका, महोत्तरी गाउँपालिका, पिपरा गाउँपालिका, मटिहानी नगरपालिका, जलेश्वर नगरपालिकामा कृषि क्षेत्र मात्र गरिएको छ । त्यस्तै सर्लाहीको कविलासी नगरपालिका, पर्सा गाउँपालिका, ब्रह्मपुरी गाउँपालिका गरिएको छैन भने चन्द्रनगर गाउँपालिका, चक्रघटा गाउँपालिका, बसबरिया गाउँपालिकामा आधार तथा मापदण्ड तयार गर्दै गरेको जनाइएको छ । त्यस्तै धनकौल गाउँपालिका, रामनगर गाउँपालिकामा कार्य प्रारम्भ गरिएको छैन । रौतहटको मौलापुर नगरपालिका, बौधिमाई नगरपालिकामा कार्य प्रारम्भ अहिलेसम्म गरिएको छैन । त्यस्तै बाराको परवानीपुर गाउँपालिका, प्रसौनी गाउँपालिका, विश्रामपुर गाउँपालिका, फेटा गाउँपालिकामा आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गर्दै गरेको जनाएको छ ।

त्यसैगरि पर्साको जिराभवानी गाउँपालिका, पटेर्वा सुगौली गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिकामा अहिलेसम्म कृषि क्षेत्र मात्र सम्पन्न गरिएको छ । त्यस्तै पोखरीया नगरपालिका, कालिकामाई गाउँपालिका, धोविनी गाउँपालिका, छिपहरमाई गाउँपालिका, पकहामैनपुर गाउँपालिकामा कार्य प्रारम्भ पनि गरिएको छैन ।








# भियतनामी उपराष्ट्रपतिको भ्रमण, धार्मिक-सांस्कृतिक पर्यटनमा प्रचुर सम्भावनाको खोजी



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको तीनदिने औपचारिक भ्रमणमा आउनुभएका भियतनामका उपराष्ट्रपति भो थि आन सुआन भ्रमण सम्पन्न गरी सोमबार स्वदेश फर्कनुभएको छ ।

उपराष्ट्रपति सुआनले भ्रमणका दौराने राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । साथै उहाँले आफ्ना नेपाली समकक्षी रामसहायप्रसाद यादवसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो भने परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले उहाँसँग शिष्टाचार भेटवार्ता गर्नुभयो ।

नेपाल र भियतना दुवै मुलुकको सेतुका रुपमा बौद्ध धर्म रहेकाले अधिकांश द्विपक्षीय भेटवार्तामा धार्मिक-सांस्कृतिक पर्यटनका प्रचुर सम्भावनाबारेमा छलफल भएको थियो । दुवै मुलुकबीच सन् १९७५ मे १५ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो ।

राष्ट्रिय जनगणना २०७८ को जनगणनाअनुसार नेपालमा बौद्ध धर्मावलम्बीको सङ्ख्या २३ लाख ९३ हजार ५४९ छ । जुन कूल जनसङ्ख्या दुई करोड ९१ लख ६४ हजार ५७८ को आठ दशमलव दुई प्रतिशत हो । त्यस्तै भियतनाम सरकारको धार्मिक मामिलासम्बन्धी समितिको तथ्याङ्कअनुसार त्यहाँ करिब एक करोड ४० लाख बौद्ध धर्मावलम्बी रहेको उल्लेख छ । झण्डै १० करोड जनसङ्ख्या भएको भियतनामको कूल जनसङ्ख्याको यो लगभग १३ दशमलव तीन प्रतिशत हो ।

भेटका क्रममा राष्ट्रपति पौडेलले नेपाल र भियतनामबीच व्यापार, पर्यटन, लगानी र प्रविधि हस्तान्तरणका क्षेत्रमा द्विपक्षीय आर्थिक सम्बन्ध प्रगाढ बनाउने सम्भावना रहेको बताउनुभएको थियो । साथै उहाँले विशेषतः बौद्ध धर्म दुवै देशका जनताबीचको गहिरो सम्बन्धका लागि सेतुका रूपमा रहेको बताउँदै लुम्बिनीलाई धेरै भियतनामीले आफ्नो जीवनमा एकपल्ट अवश्य दर्शन गर्नुपर्ने पवित्र स्थलका रूपमा हेर्नु खुसीको विषय भएको उल्लेख गर्नुभएको थियो ।

त्यस्तै, उपराष्ट्रपति सुआनले संस्कृति, खेलकुद र पर्यटनका क्षेत्रमा दुवै देशबीच सहकार्य गर्न आवश्यक रहेको बताउँदै अन्तरराष्ट्रिय क्षेत्रमा नेपालले शान्ति कायम गर्न देखाएको अग्रसरता र जलवायु परिवर्तनको असरका सम्बन्धमा गरेको प्रतिबद्धताबाट आफू प्रभावित भएको बताउनुभएको थियो ।

उपराष्ट्रपति यादव र उहाँबीच भएको द्विपक्षीय भेटवार्तामा उहाँहरुबीच दुवै मुलुकबीचको सम्बन्ध मित्रता, सद्भावना र सार्वभौमिकताको सम्मानमा आधारित रहेको र अन्तरराष्ट्रिय मञ्चमा साझा धारणाका साथ अघि बढ्ने सम्बन्धमा कुराकानी भएको थियो ।

दुवै उपराष्ट्रपतिबीच मन्त्रालयगत र विभिन्न तहमा भ्रमण आदानप्रदान गर्ने सहमति हुनुका साथै दुवै मुलुकबीच धार्मिक सांस्कृतिक पर्यटनको प्रचुर सम्भावनाका ढोका खोल्नेबारेमा छलफल भएको थियो । त्यसका लागि दुवै मुलुकबीच हवाई सम्बन्ध विस्तारका लागि आपसी छलफल गर्ने विषयमा कुराकानी भएको थियो ।

भियतनामकोतर्फबाट यो पहिलो उच्चस्तरीय भ्रमण हो । यो वर्ष नेपाल र भियतनामबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वर्षगाँठसमेत परेकाले यस भ्रमणलाई विशेष महत्वका साथ हेरिएको छ । उपराष्ट्रपति सुआन शनिबार नेपाल आउनुभएको थियो ।

त्यसैगरी प्रधानमन्त्री केपी शर्मा ओली र उपराष्ट्रपति सुआनबीचको भेटवार्तामा उहाँहरुबीच दुई देशबीच रहँदै आएको समस्यारहित सम्बन्धलाई अझ प्रगाढ बनाउन अनुभव आदानप्रदानका साथै सम्बन्ध विस्तारका विविध पक्षमा छलफल भएको थियो।

भेटमा दुई देशबीच सरकार-सरकार, व्यवसाय-व्यवसाय र जनता-जनताका साथै कूटनीतिक र सांस्कृतिक क्षेत्रका सम्बन्धलाई अझ बलियो बनाउने विषयमा कुराकानी भएको थियो ।

यसैगरी, उपराष्ट्रपति सुआनसँग परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले शिष्टाचार भेटवार्ता गरी दुवै देशबीचको सांस्कृतिक सम्बन्धलाई उजागर गर्नुपर्ने र बौद्धधर्म दुवै देश र जनताको सम्बन्ध विस्तारको एक सबल कडी रहेकामा जोड दिनुभएको थियो । उहाँले भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमणमा धेरै भियतनामी नागरिक आउने गरेको प्रसङ्ग उल्लेख गर्दै सांस्कृतिक पर्यटन प्रवर्द्धनका क्षेत्रमा दुवै देश मिलेर काम गर्न सकिने पनि बताउनुभएको थियो ।

मन्त्री डा राणाले भियतनामबाट नेपालका भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा विमानस्थलमा उडानको वातावरण निर्माणका लागि पनि आग्रह गर्नुभएको थियो ।

त्यसैगरी उपराष्ट्रपति सुआनसँग नेपाल चेम्बर अफ कमर्शका पदाधिकारीले नेपाल र भियतनामबीच व्यापार, लगानी तथा निजी क्षेत्रका सहकार्यका विषयमा छलफल गरेको थियो । भियतनामका अनररी कन्सुल एवं नेपाल चेम्बर अफ कमर्शका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठ, अध्यक्ष कमलेशकुमार अग्रवाल, निवर्तमान अध्यक्ष राजेन्द्र मल्ल, वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्रा, महिला चेम्बर अध्यक्ष उर्मिला श्रेष्ठसहितका पदाधिकारीहरुले उहाँसँग भेटगरी द्विपक्षीय लगानी, व्यापार र पर्यटन प्रवर्द्धनका विषयमा छलफल गर्नुभएको थियो ।

चेम्बर अफ कमर्शले नेपाल-भियतनामबीच कृषि, पर्यटन, ऊर्जा, शिक्षा र सूचना प्रविधिजस्ता क्षेत्रमा सहयोग तथा साझेदारीको अपार सम्भावना रहेको भन्दै व्यावहारिक कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिएको थियो ।

उपराष्ट्रपति सुआनले भ्रमणको अन्तिम दिन सोमबार विश्वसम्पदा सूचीमा सूचीकृत पाटन दरबार स्क्वायर र बौद्धनाथ क्षेत्रको स्थलगत अवलोकन गर्नुभएको थियो । सांस्कृतिक सम्पदाको धरोहर पाटन दरबार स्क्वायर र बौद्धधर्मको ऐतिहासिक महत्वको सम्पदा बौद्धनाथको अवलोकनले पनि यस भ्रमणले विशेष महत्व राखेको छ ।रासस

# तीजले सामाजिक समरसता कायम गर्छः उपराष्ट्रपति



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले तीज पर्वले पारिवारिक सम्बन्धलाई बलियो बनाउँदै सांस्कृतिक पहिचानलाई जोगाउन र सामाजिक समरसता कायम गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

हरितालिका तीज, २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु र उत्तरोत्तर प्रगतिका लागि आज शुभकामना व्यक्त गर्दै उहाँले भाद्र शुक्ल तृतीयाका दिन मनाइने हरितालिका तीज पर्व धार्मिक आस्था, सांस्कृतिक गौरव र पारिवारिक प्रेमको अनुपम प्रतीक भएको बताउनुभयो ।

उहाँले भन्नुभएको छ, “प्रकृतिको हरियालीले सिँगारिएको मौसममा मनाइने यो पर्व उत्सव, उमङ्ग, उल्लास र आत्मीय मिलनको सन्देश बोकेर आउँछ, नेपाली समाजको बहुरङ्गी संस्कृति र विविध परम्पराबीच मनाइने यो पर्वले हामीलाई एकता, सहिष्णुता र आपसी सद्भावको मार्गमा अग्रसर हुन सघाउँदछ ।”

पारिवारिक समर्पणको प्रतीक यो पर्वमा विवाहित महिलाहरूले पतिको दीर्घायु र समृद्धिको कामना गर्दै व्रत बस्ने परम्परा छ भने कुमारी कन्याहरूले भगवान् शिवजस्तो योग्य वरको कामना गर्दै मनाउने चलन र धार्मिक मान्यता रहिआएको छ ।

सामाजिक एकता र मेलमिलापको सन्देश बोकेको तीज पर्वले विभिन्न समुदायबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने अवसर प्रदान गर्ने र टाढा पुगेका छोरीचेलीहरुलाई माइतीले बोलाउने मौलिक परम्पराले सामाजिक / पारिवारिक आत्मीयता र सद्भाव कायम राख्न सघाउने उहाँको भनाइ छ । उहाँले सन्देशमा भन्नुभएको छ, “नेपालमा बसोबास गर्ने विभिन्न जाति, समुदायलेसमेत धुमधामका साथ मनाउने यो पर्वले सांस्कृतिक विविधता बोकेको छ, यो पर्वले नेपाली समाजको सांस्कृतिक विविधता र एकतालाई बलियो बनाउन सहयोग पुग्दछ ।”

महिलाहरूले परम्परागत गीत गाउँदै मनोरञ्जन गर्ने, दुःखसुखका भावना व्यक्त गर्ने माध्यमका रूपमा तीजलाई उपयोग गर्ने हाम्रो रैथाने प्रचलन हो । तीजको अघिल्लो दिन मीठा परिकार बनाई आफन्तसँग रमाइलो गर्दै ‘दर’ खाने चलनले सामाजिक सम्बन्धलाई बलियो बनाउन सहयोग पुग्छ । उपराष्ट्रपति यादवले सबैले तीजको धार्मिक र सांस्कृतिक मूल्यलाई आत्मसात् गर्दै मर्यादित र मौलिक ढङ्गले मनाउनुपर्ने आवश्यक औँल्याउनु भएको छ ।

**चौरचन (चकचना) पर्व र गणेश चौथी शुभकामना**


उपराष्ट्रपति रामसहायप्रसाद यादवले हाम्रा मौलिक संस्कृति, धार्मिक चेतना र सामाजिक एकता सुदृढ पार्ने माध्यम भएको बताउनुभएको छ । चौरचन (चकचना) पर्व र गणेश चौथी, २०८२ को पावन अवसरमा आज शुभकामना दिँदै उहाँले नेपालमा मनाइने विभिन्न पर्वले धार्मिक र सांस्कृतिक अनुष्ठानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने धारणा राख्नुभयो ।

तराई-मधेसका केही जिल्लामा भदौ शुक्ल चौथीका दिन सूर्यास्तपछि हिन्दू व्रतालुहरुले मनाउने चौरचन (चकचना) पर्वमा धार्मिक विधिविधानअनुसार चन्द्र देवको पूजा उपासना गर्ने परम्परा छ । मधेसको सांस्कृतिक पहिचान बोकेको यो पर्वमा पुरी, खीर, दही, मौसमअनुसारका फलफूलगायतका मौलिक प्रसाद चन्द्रदेवलाई अर्पणपछि सम्पूर्ण परिवार सामूहिक रुपमा प्रसाद ग्रहण गर्ने चलन छ ।

प्रसादका रुपमा तयार पारिने भौलिक परिकारहरुले खानपान संरकृतिको विविधतालाई झल्काउँदछ । यो पर्व मनाउँदा मानसिक शान्ति, चन्द्र दीपको निवारण तथा पारिवारिक समृद्धि हुने जनविश्वास रहिआएको छ । यो पर्वले स्थानीय परम्परा र सामूहिक आस्थालाई बलियो बनाउन पनि सघाउँदछ ।

गणेश चौथी (गणेश चतुर्थी) को नामलेसमेत लोकप्रिय यी नोकपर्वमा भगवान् गणेशको आराधना गरिन्छ । जसले विघ्नहरण गरी जीवनमा शुभलाभ ल्याउने विश्वास गरिन्छ । यो पर्वमा भक्तजनले विघ्न नाश, कार्यसिद्धि र मानसिक शान्तिको कामना गर्दै गणेशको पूजा गर्छन् । रासस

# तीजले एकजुट हुन प्रेरणा दिन्छः अध्यक्ष दाहाल



काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले तीज पर्वले पारिवारिक तथा सामाजिक सम्बन्ध विस्तार गर्नुका साथै महिला अधिकार, सशक्तीकरण र समानताका लागि एकजुट हुन प्रेरणा दिने विश्वास व्यक्त गर्नुभएको छ ।

हिन्दू धर्मावलम्बी नेपाली महिलाको विशेष चाड तीज पर्वका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका समस्त आमा तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दै उहाँले भन्नुभएको छ, “तीज आआफ्ना माइतमा आमा बुवा, दिदीबहिनी, दाजुभाइ, साथीसङ्गीसँग भेटघाट गर्ने, नाचगान गरी रमाइलो गर्ने, सुखदुःख साट्ने र पुराना सम्बन्ध पुनःताजगी गर्ने तीज महिलाको सांस्कृतिक पर्व हो ।”

पूर्वीय दर्शनमा तीज पर्वको महत्त्व र प्रारम्भको आफ्नै इतिहास छ । लक्ष्य प्राप्तिका लागि कठिन सङ्घर्ष, समर्पण र भक्तिभाव गर्न प्रेरित गर्ने तीज पर्व अहिले महिला स्वतन्त्रता, सहअस्तित्व र सशक्तीकरणका लागि प्रेरणा दिने पर्वका रुपमा मनाउन थालिएको छ ।

परम्पराका नाममा थोपरिएका अन्धविश्वास र कुसंस्कार छोडेर मौलिक पहिचानसहित तीज पर्वलाई मनाउन आवश्यक भएको अध्यक्ष दाहालको भनाइ छ । उहाँले भन्नुभएको छ । रासस

# तीजको मौलिकतालाई कायम राख्दै सांस्कृतिक महत्वको जगेर्ना गर्नुपर्छः उपाध्यक्ष घिमिरे



काठमाण्डु । राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले हरितालिका तीजको मौलिकतालाई कायम राख्दै यसको सांस्कृतिक महत्वको जगेर्ना गर्दै जानुपर्नेमा जोड दिनुभएको छ ।

हरितालिका तीजको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनीहरूलाई शुभकामना दिँदै उहाँले तीज मनाउने क्रममा हुने भड्किलोपन र खर्चिलोपनलाई हटाउँदै जान आवश्यक रहेको बताउनुभयो ।

तीजमा दिदीबहिनी एकैठाउँमा जम्मा भएर भएर गीतमार्फत दुःख, वेदना पोख्ने परम्परा रहिआएकामा अहिले समसायिक विषयमासमेत महिलाहरुले गीतमार्फत खबरदारी र सकारात्मक सन्देश प्रवाह गर्ने गरेको उहाँको भनाइ छ ।

उपाध्यक्ष घिमिरेले भन्नुभएको छ, “तीजले साथीसङ्गी, परिवार एवं आफन्तबीचको सम्बन्धलाई प्रगाढ बनाउनुका साथै समाज र राष्ट्रलाई भावनात्मक एकताको सूत्रमा आबद्ध गर्न मद्दत पुऱ्याउँछ, नेपाली मौलिक संस्कृति र सामाजिक परम्पराको सम्वर्द्धन गर्दै संस्कार युक्त आदर्श सामाजिक वातावरण तयार गर्न र सदाचारयुक्त जीवनशैली अपनाउनका लागि यस्ता चाडपर्वहरूको गरिमालाई सम्मानजनक बनाइराख्नु आजको आवश्यकता हो ।”

उपाध्यक्ष घिमिरेले हरितालिका तीजले नेपाली महिलालाई समाजमा विद्यमान लैङ्गिक विभेद, जातीय विभेदलगायत सबै प्रकारका असमानताको अन्त्य गर्दै समतामूलक प्रगतिशील समाजको निर्माणतर्फ अग्रसर हुन उत्प्रेरित गर्न सकोस् भन्न । रासस

# तेइस वटा इलाका प्रशासन थप गर्ने प्रस्ताव प्रशासन समितिमा

काठमाण्डु । गृह मन्त्रालय मातहत गठित एक कार्यदलद्वारा प्रस्तुत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लेख गरिए अनुसार २३ वटा इलाका प्रशासन कार्यालय थप गर्ने प्रस्ताव सोमबारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् बैठकले प्रशासन समितिमा पठाएको छ ।

प्रशासन समितिले मन्त्रिपरिषद्बाट पठाइएको प्रस्तावमा आवश्यक छलफल गरी कार्यान्वयनका लागि अघि बढाउने गृह मन्त्रालयले जनाएको छ । सेवाग्राहीको हैरानी अन्त्य गर्ने उद्देश्यसहित उक्त प्रस्ताव गरिएको हो ।

मन्त्री लेखकले आन्तरिक स्रोत व्यवस्थापन गरेर तराईदेखि उच्च हिमाली भेगसम्म इलाका प्रशासन कार्यालय थप गर्नुपर्नेमा जोड दिनुभएको छ । गृह मन्त्रालय तथा मातहतका निकायहरूको सङ्गठन संरचना, दरबन्दी हेरफेर गर्न र नयाँ इलाका प्रशासन कार्यालय स्थापना गर्न मन्त्रालयले गत पुसमा सचिवस्तरको निर्णय गरी ‘सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन’ पेस गर्न गृह मन्त्रालय, प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यदल गठन गरेको थियो ।

गृहमन्त्री लेखकले सेवा प्रवाहलाई थप सहज र सरल बनाउन जनसङ्ख्या, भौगोलिक सुगमता र पहुँचबीच देखिएको असमानता समाधानका लागि मन्त्रालयका नेतृत्व लिएदेखि जोड दिँदै आउनुभएको छ ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : पढाइ लेखाइमा मन जानेछ भने नतिजा आफैतिर ल्याउन सकिनेछ ।
वृष : व्यवसाय फस्टाएर जानेछ ।
मिथुन : अध्ययनमा मन नजानाले नतिजा अरुकै पोल्टोमा पर्नेछ ।
कर्कट : मन परेको वस्तु प्रयोग गर्न पाईनाले मन प्रशन्न हुनेछ । आम्दानी बढाउन सकिनेछ ।
सिंह : शुभचिन्तक तथा परिचित व्यक्तिबाट सहयोग जुट्नाले काम गर्न सहज हुनेछ।
कन्या : व्यापार व्यवावसायमा नाफा कमाउन निकै नै समय खर्चनु पर्नेछ ।
तुला : लगानी गर्नको लागि केही समय कुर्नुनै राम्रो हुनेछ ।
वृश्चिक : भौतिक सम्पत्ति तथा उपहार प्राप्ति हुन सक्छ ।
धनु : न्यायिक निर्णयहरु तपाईकै पक्षमा हुनेछ।
मकर : महत्वपूर्ण उपलब्धीहरु गुम्न सक्छ ध्यान दिनुहोला ।
कुम्भः प्रेममा आजको दिन नजिक नहुँदा नै राम्रो हुनेछ ।
मीन : विवादित विषयहरु हल भएर जानेछन् । उत्कृष्ट नतिजा हासिल गर्न सकिनेछ ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# 'अशक्त र ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्र अनिवार्य छैन'

काठमाण्डु । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने अशक्त, असहाय वा ९० वर्षभन्दा माथिको ज्येष्ठ नागरिकका हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सेवा लिन कुनै बाधा नपर्ने प्रावधानको पुनःस्मरण गराएको छ ।



विभिन्न स्थानीय तहले परिचयपत्र अनिवार्य रहेको भन्दै सेवा प्रवाहमा कठिनाइ भएको बताउँदै आएपछि विभागले उक्त प्रावधान स्मरण गराएको हो ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रयोजनका लागि ज्येष्ठ नागरिकले दुःख पाएको तथा अशक्तलाई पनि अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बर आवश्यक रहेको भन्ने गुनासो पछि विभागले थप स्पष्ट पारेको हो ।

सरकारले २०८१ असार २० गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विभिन्न सार्वजनिक सेवामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको थियो। सामाजिक सुरक्षा भत्ता, बिमा निवृत्तिभरण, राजस्व, सवारी चालक अनुमतिपत्र, कम्पनी दर्ता, बैंकिङ तथा वित्तीय सेवा, टेलिफोन तथा सिमकार्ड, सामाजिक सुरक्षा कोष र घरजग्गा कारोबारमा परिचयपत्र अनिवार्य गरिएको छ।

विभिन्न स्थानीय तह, सेवा प्रदायक निकायबाट अशक्त तथा ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्र नम्बर माग गरिएको र सोका लागि कष्टपूर्वक सेवा इकाइमा पुग्न परेको भन्ने सूचना र गुनासो प्राप्त भएकाले विभागले सोमबार एक सूचनामार्फत स्पष्ट पारेको विभागका निर्देशक मुकेशकुमार केशरीले जानकारी दिनुभयो।रासस

'अशक्त र ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्र अनिवार्य छैन'

काठमाण्डु । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने अशक्त, असहाय वा ९० वर्षभन्दा माथिको ज्येष्ठ नागरिकका हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सेवा लिन कुनै बाधा नपर्ने प्रावधानको पुनःस्मरण गराएको छ।

विभिन्न स्थानीय तहले परिचयपत्र अनिवार्य रहेको भन्दै सेवा प्रवाहमा कठिनाइ भएको बताउँदै आएपछि विभागले उक्त प्रावधान स्मरण गराएको हो ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रयोजनका लागि ज्येष्ठ नागरिकले दुःख पाएको तथा अशक्तलाई पनि अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बर आवश्यक रहेको भन्ने गुनासो पछि विभागले थप स्पष्ट पारेको हो ।

सरकारले २०८१ असार २० गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विभिन्न सार्वजनिक सेवामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको थियो। सामाजिक सुरक्षा भत्ता, बिमा निवृत्तिभरण, राजस्व, सवारी चालक अनुमतिपत्र, कम्पनी दर्ता, बैंकिङ तथा वित्तीय सेवा, टेलिफोन तथा सिमकार्ड, सामाजिक सुरक्षा कोष र घरजग्गा कारोबारमा परिचयपत्र अनिवार्य गरिएको छ।

विभिन्न स्थानीय तह, सेवा प्रदायक निकायबाट अशक्त तथा ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्र नम्बर माग गरिएको र सोका लागि कष्टपूर्वक सेवा इकाइमा पुग्न परेको भन्ने सूचना र गुनासो प्राप्त भएकाले विभागले सोमबार एक सूचनामार्फत स्पष्ट पारेको विभागका निर्देशक मुकेशकुमार केशरीले जानकारी दिनुभयो।रासस

# परिवारको सुख र समृद्धिको कामना गर्दै चौरचन पर्व सम्पन्न

जनकपुरधाम । परिवारको सुख, समृद्धिको कामना गर्दै मिथिलाञ्चल क्षेत्रमा हर्षोल्लासका साथ मंगलबार चौठचन्द्र अर्थात् चौरचन पर्व मनाइएको छ। उदाउँदो चन्द्रमालाई अर्घ दिएर यो पर्व मनाउने गरिन्छ। विशेषगरी तराई-मधेसमा बसोबास गर्नुहुने हिन्दू धर्मावलम्बीका घरघरमा परिवारको सुख र समृद्धिको कामना गर्दै यो पर्व मनाउने प्रचलन रहेको संस्कृतिविद् काशिकान्त झाले बताउनुभयो ।



गणेश चतुर्थीका दिन साँझ बर्तालुहरूले आ-आफ्ना घरको आँगन तथा कौसीबाट उदाउँदो चन्द्रमालाई अर्घ दिएर यो पर्व मनाउने गर्दछन् । संस्कृतिविद् झाका अनुसार भगवान् गणेशको श्रापबाट मुक्त हुन चन्द्रमाको पूजा गर्ने धार्मिक जनविश्वाससहित चौरचन पर्व मनाउने प्रचलन रहिआएको छ । पण्डित कुशेश्वर उपाध्यायले भन्नुभयो, "चन्द्रमाले गणेशको पूजा गरेपछि गणेश प्रसन्न भएर श्रापमुक्त गरिदिनुभएको, भदौ महिनाको शुक्ल चतुर्थीका दिन जसले तिमीलाई हेर्नेछ, उसलाई कलङ्क लाग्दैन, पापबाट उसले मुक्ति पाउनेछ र चतुर्थीको चन्द्रमा दर्शन गरेपछि मनोवाञ्छित फलसमेत प्राप्ति हुन्छ भनी गणेशले भन्नुभएको विषय धार्मिक शास्त्रमा उल्लेख छ। सोही धार्मिक जनविश्वासलाई आत्मसात् गरी विशेषमहत्वकासाथमिथिलाञ्चल क्षेत्रमा बडो निष्ठापूर्वक यो पर्व मनाइँदै आएको छ।"

यस पर्वमा बर्तालु महिला दिनभर निराहार रहेर पुरी, खीर तथा विभिन्न प्रकारका पकवानहरू बनाउने गर्दछन् । यसैगरी मिठाइका प्रकारहरू तयार गरी दही, नरिवल, केरालगायत उपलब्ध फलफूलसमेत पूजा सामग्रीका रूपमा राख्ने गरिन्छ। माटाको भाँडामा दही जमाएर चढाउने यस पर्वको विशिष्टता रहेको छ। पर्व प्रयोजनका लागि दूधलाई राम्रोसँग तताएर छालीसमेत ननिकाली नयाँ भाँडोमा दही जमाइन्छ।

चौठीचान बाबाको प्रतीकका रूपमा चन्द्रमालाई अर्घ दिनका लागि बर्तालु महिलाले पुरी तथा खीर बनाउनका लागि प्रयोग गरिने चामल निकै सावधानीपूर्वक राख्ने गरिन्छ । कुटानी-पिसानीसमेत पवित्रताका साथ गरिन्छ। चौरचनका लागि शुद्धता होस् भनी जाँतोमा चामल पिँधेर पिठो तयार गरी पुरी बनाइन्छ । सोही पिठोबाट पुरी, पेरुकिया, खजुरिया आदि बनाइने प्रचलन अहिले पनि रहिआएको छ।

साथै निष्ठापूर्वक यो पर्व मनाएमा 'चर्मरोग' निको हुनेसमेत जनविश्वास रहेको आध्यात्मिक गुरु नयनकुमार रायले बताउनुभयो। उहाँले भन्नुभयो, "यस पर्व मनाउने क्रममा साँझको समयमा घरको आँगनमा माटो र गोबरले लिपपोत गरिन्छ। उक्त स्थानमा चामललाई पिँधेर बनाइएको घोल (पिठार)ले अरिपन (चौका) लगाइन्छ । त्यसपछि 'चौठीचान'लाई चढाउनका लागि तयार पारिएको पुरी, खजुरिया, पेरुकीया, खीर, फलफूल, दहीलगायत पकवान तथा मिष्ठान्नहरू सजाएर राखिन्छ।"

त्यसैगरी पूजास्थलमै बस्नका लागि पिर्का वा आसन राखिएको हुन्छ । बस्नका लागि राखिएको पिर्काअगाडि केराको पातमा प्रसादका रुपमा विभिन्न परिकारहरू चढाउने गरिन्छ।

सूर्य अस्ताएपछि साँझ हँसिया आकारको उदाउँदो चन्द्रमालाई सम्पूर्ण सामग्रीको अर्घ दिइन्छ। यसैगरी सम्पूर्ण परिकार तथा पकवानहरू चौठीचान (चौठचन्द्र) लाई समर्पण गरिसकेपछि अन्त्यमा जलढार (जलब चढाएर) गरिन्छ । त्यसपछिपरिवारकापुरुषसदस्य'मडर'मा बसेर प्रसाद ग्रहण गर्दछन्। अर्घ दिएपछि परिवारका अन्य सदस्यहरूसमेत प्रसाद ग्रहण गर्दछन्।

हँसिया आकारको चन्द्रमा पश्चिम-दक्षिणतर्फ आकाशमा देखिएपछि अर्घ दिइन्छ । कुनै वर्ष कालो बादल लागेर वा पानी परेर चन्द्रमा आकाशमा नदेखेपछि केहीबेर हात जोडेर दर्शन दिन बिन्ती गरिन्छ।

य स क ा अतिरिक्त प्रायः पर्वहरू घरपरिवार तथा परिवारजनको सुख-समुद्धिका लागि गरिन्छ तर यो पर्व भने घरमा पालिएका पशुचौपायाका लागि समेत गरिन्छ ।चौरचन पर्वमा आँगनमाझमा गाईको गोबरले लिपेर चामलको पिठोले बनाइएको अरिपन (चतुष्कोण) यज्ञस्थलमा दीप प्रज्वलित गर्दै बर्तालुले फलफूल र मिष्ठान्न परिकार चन्द्रमालाई देखाएर पर्व समापन गर्ने परम्परा रहिआएको छ ।रासस

# तीज भावनात्मक एकता, माया, करूणा र सृजनात्मकताको प्रतीकः राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले तीज पर्व भावनात्मक एकता, माया, करूणा र सृजनात्मकताको प्रतीकका रूपमा समेत रहेकाले यसको संरक्षण र प्रवर्द्धन गर्नु आवश्यक रहेको बताउनुभएको छ।

नेपाली हिन्दू महिलाको महान पर्व हरितालिका (तीज), २०८२ को अवसरमा शुभकामना सन्देश दिनुहुँदै उहाँले स्वदेश तथा विदेशमारहनुभएकानेपालीमहिला दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं धार्मिक, सांस्कृतिक र सामाजिक सद्भाव कायम होस् भन्ने कामना गर्नुभएको छ।

यसपर्वमा नेपाली नारीले आफ्नो अटल सौभाग्य तथा समृद्धिका लागि भगवान् शिव र पार्वतीको पूजा आराधना गरी व्रत बस्ने प्रचलन रहेको छ। परापूर्वकालदेखि चलिआएको रीतिरिवाज, रहनसहन र सामाजिक सहिष्णुता तथा ऐक्यबद्धताको प्रतिविम्बको रुपमा यस पर्वलाई मनाउँदै आएको पाइन्छ। परिवार तथा समाजमा भ्रातृत्व, सदाचार, आपसी एकता, मेलमिलाप, निष्ठा, धैर्य र समर्पण कायम गर्न यस पर्वले महत्वपूर्ण भूमिका निर्वाह गरेको राष्ट्रपति पौडेलको भनाइ छ। "महिलाविरुद्ध हुनसक्ने भेदभाव, हिंसाजन्य कार्यलगायत सबै किसिमका अन्यायहरूको अन्त्यगरी सभ्य र समतामूलक समाज निर्माण गर्न तीज पर्वले सबैमा नयाँ उत्साह र जाँगर प्रदान गर्ने अपेक्षा लिएको छु", राष्ट्रपतिले सन्देशमा भन्नुभएको छ।

"शान्ति र प्रेरणाका रूपमा रहने समस्त नारी जाति प्रकृति र सृष्टिका दृष्टिले उच्च स्थानमा पर्दछन् ।

आदर्शमय तथा एकतात्मक सामाजिक वातावरण जीवन्त राख्न, सदाचारयुक्त जीवनशैली अपनाउन तथा देशको कला संस्कृतिलाई जगेर्ना गर्दै अझ समुन्नत बनाउन यस्ता मौलिक पर्वको गरिमालाई सम्मानजनक बनाई राख्नु अतिआवश्यक रहेको छ", राष्ट्रपतिले शुभकामना सन्देशमा भन्नुभएको छ। रासस

# तयारी नपुगेको भन्दै एमाले केन्द्रीय कमिटी बैठक स्थगित

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले यही भदौ १३ गते बोलाएको १०औँ केन्द्रीय कमिटी बैठक स्थगित गरेको छ।

ललितपुर, च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा यही भदौ १३ गते बिहान ११ बजे बस्ने गरी बोलाइएको बैठक स्थगित गरिएको एमाले केन्द्रीय प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो। तयारी पूरा नभएकाले बैठक स्थगित गरिएको उहाँले बताउनुभयो।

एमालेले दोस्रो विधान महाधिवेशन तयारीका लागि बैठक बोलाएको थियो। "विधानसंशोधनमा आएका सुझावलाई समेटेर केन्द्रीय कमिटी बैठकमा प्रतिवेदन प्रस्तुत गर्ने तयारी थियो, तर विधान संशोधनमाथिको सुझाव आउने क्रम रहेकाले बैठक स्थगित गर्नु परेको हो। चाँडै नै नयाँ मिति तोकिने छ", प्रचार विभाग प्रमुख गौतमले भन्नुभयो।

एमालेले विधान संशोधन प्रस्तावमाथिको सुझाव पठाउन मातहतका कमिटीलाई यही भदौ १० गतेसम्मको समयसीमा दिएको छ। एमालेको दोस्रो विधान महाधिवशेन ललितपुरको गोदावरीस्थित सनराइज हलमा यही भदौ २० देखि २२ गतेसम्म हुनेछ।रासस







## साना किसान कृषि सहकारी संस्था लि. धनुषा गोविन्दपुर

**धनुषाधाम नगरपालिका–२, मंगलपुर, धनुषा**

### डेरी उद्योग समान खरिदको लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सिलबन्दी दरभाउपत्र नं. ०१–२०८२/२०८३**

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८२/०५/१०**

साना किसान कृषि सहकारी संस्था लि. धनुषा गोविन्दपुर, धनुषाधाम नगरपालिका-२, मंगलपुर, धनुषाको GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागी Dairy Processing Unit सुरुवात गर्नको लागि आवश्यक डेरी मेसिनरी तथा उपकरणहरु खरिद गर्नु पर्ने छ।

उल्लेखित परियोजना अन्तर्गत Dairy Proceesing Unit को लागी तपसिल अनुसारका डेरी मेसिनरी तथा उपकरणहरु आपुर्तिको लागी सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ। साथै देशैभरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता, आपुर्तिकर्ता तथा वितरकहरुबाट यो सूचना प्रकाशन भएको मितीले २१ दिनभित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यालय समयभित्र गोप्य सिलबन्दी दरभाउ पेश गर्नु हुन वा ईमेल ठेगाना sanagovindpur@gmail.com मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आपुर्ति गरिने सामागि्हरुको विवरण :–**

**लिक्तः–** https://drive.google.com/drive/folders/13zwy7Ai2nz7GeVKHd70-6yLvKc8ZhPuO

**तपसिलः-**

१. माथि उल्लेखित मेसिनरी तथा उपकरणहरु एकमुष्ट वा छुट्टाछुट्टै खरिद गर्न सकिने छ। ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले आफुसंग उपलब्ध मेसिनरी तथा उपकरणहरु मात्रको लागि पनि सिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ। गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्रि पश्चातको सेवा सुबिधालाई उच्च प्राथमिकता दिईनेछ।
२. विक्रेतालाई भुक्तानी गर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ।
३. उपरोक्त कारोबार भदौ १० देखि मंसिर १५ गते, २०८२ सम्म संचालन गरिनेछ।
४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा वितरकले संस्थाको कार्यालयमा उपस्थित भई वा (माथि लिङ्कवाट डाउनलोड गरि) प्राप्त गर्न सकिने छ। यो सूचना प्रकाशन भएको मितीले २१ दिनभित्र यस सहकारी संस्थाको कार्यालयमा दरभाउ उल्लेखित गरि पेश गर्न सकिने छ (अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा पेश गर्न सकिनेछ)।
५. सिलबन्दी दरभाउपत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/०८२ को करचुक्ता वा म्यादथपको पत्र सहित २०८०/२०८१ को करचुक्ता) पेश गर्नु पर्ने छ।
६. सिलबन्दी दरभाउ पेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्कवापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरी जम्मा गरेको भौचर सिलबन्दी दरभाउपत्र संग पेशगर्नु पर्नेछ।
७. बोलपत्र फाराममा उल्लेखित मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुवैमा स्पष्ट लेखिएको हुनुपर्नेछ। अंकअक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्यहुने छैन।
८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरि लाहाछापले सिलबन्दी गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन।
९. पेश गरिएका बोलपत्रहरु मिती २०८२ भदौं ३० गते १:०० बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधीको उपस्थितीमा यस संस्थाको कार्यलयमा खोलिने छ। तोकिएको दिनमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि सिलबन्दी दरभाउ खोल्नकुनै बाधापर्ने छैन। तर सो दिन सार्वजानिक विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउ खोलिने छ।
१०. म्याद नाधी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।
११. अन्य शर्तहरु साना किसान कृषि सहकारी संस्था लि. धनुषा गोविन्दपुरको खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलीत कानुन बमोजिम हुनेछ। निर्णयको सर्वाधिकार साना किसान कृषि सहकारी संस्था लि. मा निहित रहनेछ।
१२. बोलपत्रदाताले जम्मा प्रस्तावित कबोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यालयको नाममा जारी भएको पत्र पेश गर्नु पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाम "**साना किसान कृषि सहकारी संस्था लि**."मा रहेको NIC Asia Bank खाता नं. ३१६४१५००८००७१००२ मा दाखिला गरि जम्मा गरेको बैंक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र सिलबन्दी बोलपत्र सँगै पेश गर्नु पर्ने छ।
१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ।

**बोलपत्र पेशगर्ने र खोलिने ठेगाना**
साना किसान कृषि सहकारी संस्था लि. धनुषा गोविन्दपुर
धनुषाधाम नगरपालिका-२, मंगलपुर, धनुषा
ईमेल : sanagovindpur@gmail.com
सम्पर्क नं. :- ९८५४०२७०२९, ९८१९८१४०८२



## महिला साना किसान कृषि सहकारी संस्था लिमिटेड

**शहिदनगर न.पा.–१, बालाबाखर, धनुषा**

### कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सिलबन्दी दरभाउपत्र नं. ०१–२०८२/२०८३**

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८२/०५/१०**

महिला साना किसान कृषि सहकारी संस्था लि. शहिदनगर न.पा.-१, बालाबाखर, धनुषाको GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागी यस सहकारी संस्था र GGGI को संयुक्त लगानिमा Agriculture Custom Hiring Center सुरुवात तथा स्तरोन्नती गर्नको लागि आवश्यक कृषि मेसिनरी तथा उपकरण खरिद गर्नु पर्ने छ।


उल्लेखित परियोजना अन्तर्गत Agriculture Custom Hiring Center को लागी तपसिल अनुसारका कृषि मेसिनरी तथा उपकरण आपुर्तिको लागी सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ। साथै देशैभरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता, आपुर्तिकर्ता तथा वितरकहरुबाट यो सूचना प्रकाशन भएको मितीले २१ दिनभित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यालय समयभित्र गोप्य सिलबन्दी दरभाउ पेश गर्नु हुन वा ईमेल ठेगाना mahilasfael.balabakhar@gmail.com मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

सम्बन्धित दरभाउपत्र सम्बन्धि आपुर्ति गरिने सामानको बिवरण र कागजातहरु यसै लिङ्कमा उपलब्ध छ लिङ्कः- https://drive.google.com/drive/folders/13gCCjKYuRyPCVc86pnRlaar7BiE88RpU?usp=sharing

**तपसिलः-**

१. माथि उल्लेखित मेसिनरी तथा उपकरणहरु एकमुष्ट वा छुट्टाछुट्टै खरिद गर्न सकिने छ। ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले आफुसंग उपलब्ध मेसिनरी तथा उपकरणहरु मात्रको लागि पनि सिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ। गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्रि पश्चातको सेवा सुबिधालाई उच्च प्राथमिकता दिईनेछ।
२. विक्रेतालाई भुक्तानी गर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ।
३. उपरोक्त कारोबार भदौ १० देखि मंसिर ३१ गते, २०८२ सम्म संचालन गरिनेछ।
४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा वितरकले संस्थाको कार्यालयमा उपस्थित भई वा (माथि लिङ्कवाट डाउनलोड गरि) प्राप्त गर्न सकिने छ। यो सूचना प्रकाशन भएको मितीले २१ दिनभित्र यस सहकारी संस्थाको कार्यालयमा दरभाउ उल्लेखित गरि पेश गर्न सकिने छ (अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा पेश गर्न सकिनेछ)।
५. सिलबन्दी दरभाउपत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/०८२ को करचुक्ता वा म्यादथपको पत्र सहित २०८०/२०८१ को करचुक्ता) पेश गर्नु पर्ने छ।
६. सिलबन्दी दरभाउ पेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्कवापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरी जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र संग पेशगर्नु पर्नेछ।
७. बोलपत्र फाराममा उल्लेखित मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुवैमा स्पष्ट लेखिएको हुनुपर्नेछ। अंकअक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्यहुने छैन।
८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरि लाहाछापले सिलबन्दी गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन।
९. पेश गरिएका बोलपत्रहरु मिती २०८२ भदौं ३१ गते १:०० बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधीको उपस्थितीमा यस संस्थाको कार्यलयमा खोलिने छ। तोकिएको दिनमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि सिलबन्दी दरभाउ खोल्नकुनै बाधापर्ने छैन। तर सो दिन सार्वजानिक विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउ खोलिने छ।
१०. म्याद नाधी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।
११. अन्य शर्तहरु महिला साना किसान कृषि सहकारी संस्था लि. बालाबाखर, धनुषाको खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलीत कानुन बमोजिम हुनेछ। निर्णयको सर्वाधिकार महिला साना किसान कृषि सहकारी संस्था लि. बालाबाखर, धनुषामा निहित रहनेछ।
१२. बोलपत्रदाताले जम्मा प्रस्तावित कबोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यालयको नाममा जारी भएको पत्र पेश गर्नु पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाममा रहेको खाता नं. १००५४०१८३२१८३०१५ को बैंकको नाम कृषि विकास बैंक लि. शाखा कार्यालय सबैंलामा दाखिला गरि जम्मा गरेको बैंक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र सिलबन्दी बोलपत्र सँगै पेश गर्नु पर्ने छ।
१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ।

**बोलपत्र पेशगर्ने र खोलिने ठेगाना**
महिला साना किसान कृषि सहकारी संस्था लि. मधेश प्रदेश
शहिदनगर न.पा.-१, धनुषा
ईमेल : mahilasfacl.balabakhar@gmail.com
अध्यक्ष :- श्री ललिता देवी सहनी
संस्था प्रबन्धक :- श्री जय प्रकाश शर्मा



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# उखु किसानको माग पूरा गर

विगतमा सरकारसँग भएका सम्झौताविपरीत उखुमा दिइने अनुदान कटौती भएपछि उखु किसानहरू फेरि आन्दोलित भएका छन् । उनीहरूले आफ्ना माग पूरा गराउन काठमाण्डुको माइतीघरमा उखुका बोट बोकेर प्रदर्शन शुरु गरेका छन् । किसानहरूका अनुसार सरकारले उनीहरूलाई दिनुपर्ने अनुदानबापतको करिब १.५ अर्ब रुपैयाँ अझै भुक्तानी गरेको छैन । उनीहरूले प्रतिक्वीन्टल उखुको मूल्य १,००० रुपैयाँ पुर्याउनुपर्ने माग पनि गरेका छन् । सरकारले चालू आर्थिक वर्ष २०८१/०८२ का लागि उखुमा दिइने अनुदान रकम घटाएर प्रतिक्वीन्टल ७० रुपैयाँबाट ३५ रुपैयाँमा झारेको छ । यसअघि मिलले प्रतिक्वीन्टल ५८५ रुपैयाँ दिने र सरकारले ७० रुपैयाँ अनुदान दिइ किसानले जम्मा ६५५ रुपैयाँ पाउने गरेका थिए । तर अहिले किसानले मिलबाट पाउने रकम मात्रै पाएका छन् । उखु उत्पादक महासंघका अध्यक्ष श्यामबाबु रायले गत मंसिरदेखि अनुदानबापतको रकम नपाएको बताए । यसका यसका साथै, सरकारले एकतर्फी रूपमा मूल्य निर्धारण गरेको र किसानका प्रतिनिधिहरूलाई छलफलमा नराखेको भन्दै पनि उनीहरू असन्तुष्ट छन् । आफ्ना मागहरू स्थानीय र प्रदेश सरकारले बेवास्ता गरेपछि किसानहरूले संघीय सरकारलाई दबाब दिन काठमाण्डुमा आन्दोलन शुरु गर्नुपरेको बताएका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले किसानहरूका मागप्रति सरकार गम्भीर रहेको र वार्ताका लागि समिति गठन गर्ने तयारी सकारात्मक रुपमा देखिए पनि अहिलेसम्म किसानको माग प्रति कदम नचाल्नु दुःखको कुरा हो । किसानहरूले पनि वार्ताबाटै समस्या समाधान गर्न तयार रहेको बताएका छन्, तर माग पूरा नभएसम्म आन्दोलन नरोक्ने अडान लिएका छन् । सरकारी र किसानको दाबी गरिएको बक्यौता रकममा ठूलो अन्तर छ । सरकारका अनुसार प्रतिक्विन्टल ३५ रुपैयाँको दरले किसानलाई दिनुपर्ने कुल रकम ७५ करोड रुपैयाँ मात्र छ । तर, किसानहरूले भने पुरानो अनुदान दर (प्रतिक्वीन्टल ७० रुपैयाँ) अनुसार हिसाब गर्दा १.५ अर्ब रुपैयाँभन्दा बढी बक्यौता रहेको दाबी गरेका छन् । कृषि मन्त्रालयका प्रवक्ता जानुका पण्डितका अनुसार असार २२ गते बसेको मन्त्रिपरिषद् बैठकले अनुदान रकम घटाउने निर्णय गरेको थियो । आर्थिक वर्षको अन्त्य र खाता क्लोजिङको समय भएकाले उक्त निर्णय कार्यान्वयनमा ढिलाइ भएको देखिन्छ । मन्त्रालयले अहिले सोही निर्णय कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाएको छ । यसका साथै, मधेश प्रदेशका आठ जिल्लाबाट सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको समितिले अनुदान पाउने किसानको विवरण पठाउन ढिलाइ गरेकाले पनि भुक्तानीमा ढिलाइ भएको सरकारी पक्ष बताउँछन् ।किसानहरूले आफ्नो माग पूरा नभएसम्म आन्दोलन जारीलाई निरन्तरता दिने अडानमा छन् । सरकार र किसान दुवै पक्षबीचको विवाद र अडानले गर्दा यो समस्या तत्काल समाधान हुने सम्भावना कम देखिन्छ । तर किसानको माग प्रति सरकार गम्भीर हुनै पर्छ ।

# स्थानीय सरकारसँग जनताको अपेक्षा



प्रेमचन्द्र झा

नेपालको राजनीतिक, प्रशासनिक तथा संवैधानिक विकासक्रममा हाल स्थानीय सरकारको उपस्थिति निर्णायक बन्दै गएको छ। २०७२ सालको संविधानले संघीयता स्वीकार गरेपछि तीन तहको शासन प्रणालीः संघीय, प्रदेश र स्थानीय तहलाई संवैधानिक मान्यता दिएको छ। संविधानले स्थानीय तहलाई "सरकार" को रुपमा परिभाषा गरेको छ, जुन विगतको "स्थानीय निकाय" सँगको संरचनागत भिन्नता मात्र होइन, जिम्मेवारी र अधिकारको दृष्टिकोणले पनि एक क्रान्तिकारी परिवर्तन हो।

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई सरकारको रुपमा स्पष्ट रुपमा परिभाषित गरेको छ। यसअघि स्थानीय निकायका रुपमा रहेका नगरपालिकाहरू, गाउँ विकास समिति (गाविस) हरूलाई नयाँ संरचनागत आधारमा स्थानीय सरकारको रुपमा पुनर्गठित गरिएको हो। संविधानको अनुसूची ८ ले स्थानीय तहका एकल अधिकारहरू तोकेको छ भने अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहबीच साझा अधिकारहरू निर्धारण गरेको छ। त्यसैले स्थानीय सरकार आज नीतिनिर्माण, योजना निर्माण, सेवा प्रवाह, न्यायिक अधिकार प्रयोगजस्ता विषयहरूमा सक्षम इकाई हो।

स्थानीय सरकार तीन प्रमुख अंगहरूसँग मिलेर बनेको हुन्छ। स्थानीय तहमा निर्वाचित वडा अध्यक्ष, सदस्य, प्रमुख वा उपप्रमुख/मेयर वा उपमेयरबाट बनेको परिषदले विधान, नीति, योजना र बजेट पारित गर्ने कार्य गर्छ। यसले संविधानले दिएको अधिकार अन्तर्गत कानुन निर्माण गर्न सक्ने क्षमता राख्छ। कार्यपालिका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्षहरू र मनोनित सदस्यहरूबाट बनेको हुन्छ। कार्यपालिकाको बैठकबाट कार्यविधि, निर्देशन, बजेट कार्यान्वयन, सेवा प्रवाह लगायतका नीतिगत निर्णयहरू लिइन्छ। न्यायिक समितिमा उपप्रमुख/उपाध्यक्ष संयोजक हुन्छन्, जसले साना तथा स्थानीय विवादहरू मेलमिलापमार्फत समाधान गर्छन्। यसले जनताले सुलभ रूपमा न्याय पाउने आधार तयार पार्दछ।

स्थानीयसरकारलाईस्थायीसरकारमानिन्छ,किनभने यसका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्यहरू सबै प्रत्यक्ष रूपमा जनताबाट निर्वाचित हुन्छन्। यसको तुलनामा संघीय र प्रदेश सरकार संसदको बहुमतमा आधारित हुन्छन्, जुन कहिले पनि फेरबदल हुनसक्छ। संसदीय राजनीति अस्थिर हुँदा सरकारले बारम्बार परिवर्तन हुनसक्छ, तर स्थानीय सरकार पाँच वर्षका लागि निश्चित अवधिका लागि चुनिएको हुन्छ। यसका केही विशेषताहरू यस्ता छन्ः प्रत्यक्ष निर्वाचन, जनतासँग प्रत्यक्ष सम्पर्क, सेवा प्रवाहमा अग्रसरता, भू-प्राकृतिक नजिकको शासन, योजना कार्यान्वयनमा तत्काल प्रतिक्रिया।

स्थानीय सरकार जनताको घरदैलोमै सेवा पुऱ्याउने शासन हो। नागरिकता, जन्म-मृत्यु दर्ता, वडा सिफारिस, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सडक निर्माण आदि सीधा जनसरोकारका सेवाहरू स्थानीय सरकारले दिन्छ। स्थानीय योजना, ग्रामीण पूर्वाधार, साना उद्योग, सहकारीको प्रवर्द्धन, कृषिमा अनुदान, महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरणजस्ता कार्यहरू स्थानीय सरकारको नेतृत्वमै हुन्छ। संघीयता अभ्यास गर्ने पहिलो तह स्थानीय सरकार हो। यसमार्फत जनताको प्रतिनिधित्व, सहभागिता, पारदर्शिता, जवाफदेहिता र समावेशी विकास कार्यान्वयनमा देखिन्छ।

स्थायी भए पनि व्यावहारिक रुपमा धेरै समस्या देखा परेका छन्, जस्तै दलियकरणको प्रभाव, जनसेवाभन्दा कार्यकर्ताप्रेम, प्रतिपक्षको कमजोर भूमिका, कर्मचारी प्रशासनमा निर्भरता, पारदर्शिता र जवाफदेहिताको अभाव। वर्तमानमा अधिकांश स्थानीय तहमा दलिय उम्मेदवारमार्फत निर्वाचन हुन्छ। जनप्रतिनिधिहरूको कार्यप्रणालीमा पार्टीको निर्देशन प्रभावशाली देखिन्छ। यसले नीति निर्माण र सेवा प्रवाहमा पक्षपात, पूर्वाग्रह उत्पन्न गरेको छ। जनसेवामा भन्दा आफ्ना पार्टीका कार्यकर्ताहरूलाई रिझाउन प्राथमिकता दिने प्रवृत्तिले सेवाको गुणस्तरमा ह्रास आएको छ। विकास योजना ठेक्कापट्टा वितरणमा पनि पार्टीगत झुकाव देखिएको छ। स्थानीय तहमा प्रतिपक्षको भूमिका न्यून छ। प्रतिपक्षको अनुपस्थितिमा नीति निर्माण वा बजेट कार्यान्वयनमा पर्याप्त निगरानी हुन सक्दैन। कागजी रुपमा स्थानीय सरकार सशक्त भए पनि प्राविधिक, आर्थिक र प्रशासनिक रूपमा केन्द्र वा प्रदेश सरकारमाथि निर्भरता अझै उच्च छ। कतिपय स्थानीय तहमा योजना छनोटदेखि बजेट खर्चसम्म पारदर्शिता अभाव देखिन्छ। जनगुनासो, सामाजिक लेखापरीक्षणजस्ता अभ्यासहरू कमजोर छन्।

यी समस्याको समाधानका लागि सुधारका उपायहरू अवलम्बन गर्न आवश्यक छ। जस्तै पार्टी प्रणालीबिना स्थानीय निर्वाचनको विकल्पमा छलफल, प्रतिपक्षको भूमिकालाई स्पष्ट र प्रभावकारी बनाउने, सामाजिक लेखापरीक्षण अनिवार्य गर्ने, योजना छनोटदेखि कार्यान्वयनसम्म नागरिकको सहभागिता सुनिश्चित गर्ने, जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिमा लगानी गर्ने, सूचना प्रवाह तथा प्रविधिको प्रयोग बढाउने, र भ्रष्टाचार नियन्त्रणमा कठोर उपायहरू अपनाउने।



आजजनतालेतीनतहकासरकारहरूबाटकेअपेक्षा गरेका छन् भन्ने कुरा बुझ्नु जरुरी छ। संघीय सरकारले राष्ट्रिय नीति निर्माण, सुरक्षाको सुनिश्चितता, मूल पूर्वाधार विकासमा भूमिका खेल्नुपर्ने अपेक्षा गरिएको छ। प्रदेश सरकारले क्षेत्रीय सन्तुलन, भाषा-संस्कृति, शिक्षा, स्वास्थ्यमा नीति निर्माण तथा सेवा प्रवाह गर्नुपर्ने अपेक्षा छ। तर, सबैभन्दा बढी जनताको सरोकार स्थानीय सरकारसँग हुन्छ। घरनजिकको सरकार भएकाले सेवाप्रवाह, विकास निर्माण, सशक्तिकरण, न्याय प्राप्तिमा स्थानीय तहको भूमिका निर्णायक छ।

जनताको विश्वास जित्नका लागि सरकारहरूले जवाफदेही शासन प्रणालीलाई व्यवहारमा उतार्नुपर्छ। आफ्ना कामको समीक्षा समय समयमा जनतासँग बाँड्नुपर्छ। योजना छनोटमा जनताको सक्रिय सहभागिता हुनुपर्छ। भ्रष्टाचार नियन्त्रणका लागि सार्वजनिक खरीद प्रक्रिया पारदर्शी बनाउने, अनुगमन र लेखापरीक्षण प्रक्रिया कडा बनाउने, डिजिटल प्रविधिको अधिकतम प्रयोग गर्ने। तीन तहबीचको समन्वयलाई मजबुत बनाएर स्रोतको दोहोरो प्रयोग रोक्नुपर्छ। अनलाइन सेवा प्रणाली, डिजिटल फिडब्याक सिस्टम, र गुनासो व्यवस्थापन पोर्टलमार्फत नागरिकको आवाजलाई संस्थागत गरिनुपर्छ।

युवालाई सशक्त बनाउने, नवप्रवर्तनशील योजनामा जोड दिने, स्मार्ट गाउँ र डिजिटल नगरको अवधारणा कार्यान्वयन गर्ने। महिला, दलित, जनजाति, मुस्लिम, मधेसी, अपाङ्गता भएका नागरिकहरूको प्रतिनिधित्व सुनिश्चित गर्दै, उनीहरूका लागि लक्षित कार्यक्रम ल्याउने।

स्थानीय सरकार नेपालको संघीय शासन प्रणालीको मेरुदण्ड हो। जनताको प्रतिनिधि भएर उनीहरूको नजिकबाट सेवा प्रवाह गर्ने सरकार स्थानीय तह हो। संविधानले दिएको अधिकार, कानुनी संरचना, निर्वाचित प्रतिनिधिको उपस्थिति, न्यायिक संयन्त्रजस्ता आधारहरूले यसलाई स्थायी सरकारको रुपमा स्थापित गरेको छ। तर, स्थायित्वको अर्थ सधैं गुणस्तर भन्ने होइन। आज धेरै स्थानीय सरकारहरू सेवा प्रवाहमा पूर्वाग्रही, दलिय, अपारदर्शी, गैर-उत्तरदायी देखिन्छन् ।

योजना निर्माण र कार्यान्वयनमा पारदर्शिता र सहभागिता अभाव छ। दलियकरणले स्थानीय सरकारको लोकतान्त्रिक चरित्रलाई क्षतिग्रस्त बनाएको अवस्था छ।

पार्टी प्रणाली बिना स्थानीय निर्वाचनको विकल्प, प्रतिपक्ष बलियो बनाउने संरचना, सामाजिक लेखापरीक्षण अनिवार्य बनाउने, नागरिक सहभागिता सुनिश्चित गर्ने, कर्मचारी र जनप्रतिनिधिको क्षमता अभिवृद्धि, सूचना प्रवाह र डिजिटल सेवा प्रणालीको विकास, भ्रष्टाचार नियन्त्रण र जवाफदेही शासनजस्ता उपायहरू अवलम्बन गरिन सकेमा मात्र स्थानीय सरकारले जनताको विश्वास जित्न सक्छ। त्यस्तै, प्रदेश र संघीय सरकारले पनि सेवा प्रवाहमा तल्लो तहसँग समन्वय गर्दै जिम्मेवार भएर काम गर्नु आवश्यक छ।

अन्ततः, तीन तहका सरकारहरूको उद्देश्य एउटै हुनुपर्छ - जनताको सेवा, अधिकारको रक्षा, र समावेशी तथा दिगो विकास। यही साझा उद्देश्यमा समर्पित शासन पद्धतिबाट मात्र संविधानले परिकल्पना गरेको समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार हुन सक्छ।

# चाडपर्वले जोड्दैछ देश

कृष्ण अधिकारी

मंगलबार देशभर हिन्दू महिलाहरुले हरितालिका तीज (हरितालिका पर्व) मनाइरहेका छन् । भाद्र शुक्ल तृतीयाका दिन मनाइने यो पर्व नेपाली महिलाको अत्यन्त महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक उत्सव पनि हो । पार्वतीले भगवान शङ्करलाई पति रूपमा प्राप्त गर्न कठोर तपस्या गरेको पौराणिक कथामा आधारित यो पर्वमा महिलाहरूले भगवान शिव-पार्वतीको आराधना गरेर आफैंलाई पार्वती सरह सौभाग्यवती र परिवारमा सुख-शान्ति चाहना गर्छन् । हरितालिका व्रत बस्दा भगवान शिव प्रकट भई उनको मनोकामना पूरा भएको विश्वास गरिन्छ ।

त्यसो त आजै साँझ तिथीले चौथी पनि सुरु हुने हुँदा मुख्यतः मिथिला (मधेस/तराई)का महिलाहरुले चौरचन (चौठचन्द्र, गणेश चौथी) पर्व मनाउँदैछन् । भगवान गणेशको आराधनासँग सम्बन्धित यो पर्व विशेषगरी विवाहित महिलाले आफ्नो परिवारको सुख, शान्ति र सन्तानको दीर्घायुका लागि मनाउने गर्छन् । यस दिन व्रत बसेर भगवान गणेशलाई पूजा गर्ने, कथा वाचन गर्ने र प्रसाद (गुड, दही, फलफूल, ठेकुआ आदि) चढाउने चलन छ । व्रत बस्ने महिलाले दिनभर उपवास गरी साँझमा मात्र भोजन ग्रहण गर्छन् ।

विशेषगरी तराई र पहाडमा मनाइने यी दुई पर्वमा शिव र उनका पुत्र गणेशको आराधना गरिन्छ । दुबै पर्वमा महिलाले आफ्नो श्रीमान्, सन्तानको कल्याण र परिवारको सुख समृद्धिका लागि ब्रत गर्छन् । हरितालिकामा शिव पार्वतीको मूर्ति वा चित्रको स्थापना गरी पूजा गरिन्छ । फलफूल, मिठाई, धूप-दीप, बेलपत्र, फूल आदिले आराधना गरिन्छ भने गणेश चौँथीमा पनि बिहानै स्नान गरेर घरको आँगन वा पूजा कोठामा गणेशको पूजा गरिन्छ ।

तीजको लगत्तै नेपालका पहाडी क्षेत्र विशेषगरी सुदूरपश्चिम र कर्णाली प्रदेशमा गौरा पर्व एक महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व मनाउने गरिन्छ । यो पर्वमा पनि देवी गौरा (पार्वती) र भगवान् महादेव (शिव)को पूजा आराधना गरिन्छ । भाद्र शुक्ल पञ्चमीदेखि अष्टमीसम्म मनाइने यो पर्वमा महिलाले व्रत बसेर गौरा माताको पूजा गर्छन् । यस पर्वमा पनि महिलाहरूले आफ्नो पतिका दीर्घायु र परिवारको सुख-शान्तिको लागि व्रत बस्छन् ।



### राष्ट्रिय एकतामा रूपान्तरण

हिमाल, पहाड, मधेस, पूर्व-पश्चिम सबै ठाउँमा आआफ्नै मूल्य-मान्यता र रीतिरिवाजअनुसार चाडपर्व मनाउने गरिन्छ । नेपालमा मनाउने जुनकुनै चाडपर्व नेपाल र नेपालीको चिनारी र पहिचान हुन् । हाम्रो सामाजिक विविधतालाई यीनै चाडपर्वहरुले एकतामा रूपान्तरण गरेका छन् । हाम्रा प्रायः सबैजसो चाडपर्वहरुले प्रकृतिसँग तादम्यता राख्छन् भने परस्पर सद्भाव, सम्मान र सहिष्णुतालाई आत्मसात् गरेका छन् । संस्कृतिलाई जीवन्त राख्ने माध्यम भनेकै चाडपर्व हो । चाडपर्वले हामी, हाम्रो समाज र संस्कृति तथा परम्परालाई प्राचीनकालदेखि आजसम्म डोहोऱ्याउँदै ल्याएको छ र भविष्यसम्म लैजाने काम गर्दछ । वास्तवमा चाडपर्व पारिवारिक एवं सामाजिक सम्बन्धलाई मजबुत पार्ने तथा नवीकरण गर्ने अवसर पनि हो ।

पछिल्लो समय कुनै क्षेत्र वा जातजातिले मनाउँदै आएका चाडपर्वहरु विस्तारै अन्य भूगोल वा अन्य जात सम्प्रदायका मानिसले पनि उत्तिकै हर्सोल्लासका साथ मनाउने क्रम बढ्दै गएको छ । केही वर्षअघिसम्म देशका पहाडी भूभागमा मनाइने तीज पर्व अहिले तराई/मधेसमा पनि उत्तिकै महत्वका साथ मनाउन थालिएको छ भने तराई/मधेस क्षेत्रको मुख्य पर्व छठ राजधानीलगायत पहाडी जिल्लामा पनि मनाउन थालिएको छ । मूलतःपहाडतिर मनाइने तीज र मधेसतिर मनाइने चौरचन पर्व आज एकैदिन परेको छ । गौरा पर्व अब पश्चिमबाट पूर्वसम्म विस्तार हुँदैछ । हाम्रा पर्व पछिल्ला दिनमा हिमाल-पहाड उक्लिएर र तराई-मधेस झरेर देश जोड्दैछन्, पूर्वबाट पश्चिम र पश्चिमबाट पूर्वीतिर सर्दैछन् ।

राष्ट्रियस्तरमा मनाइने चाडपर्व मात्र नभई स्थानीयस्तरमा कुनै जात, समुदायमा सीमित रहेका चाडपर्व पनि अब देशैभरि सबैले समान ढङ्गबाट मनाउने गरिएको पाइन्छ । खासगरी सूचना सञ्चार प्रविधिको विकास, बसाइसराई र जातीय सङ्कुचनको कमीका कारण सबै चाडपर्वप्रति सबैको समान अपनत्व भावको विकासले गर्दा चाडपर्वको महत्व बढ्दै गएको छ । अन्तरजातीय बिबाह गर्ने क्रमले गर्दा पनि सांस्कृतिक एकता र सद्भावमा बृद्धि ल्याएको छ ।

नेपाल विविध जात, धर्म, भाषा, सम्प्रदायका मानिस एउटै मालामा गासिएको देश हो । यहाँका हरेक जाति, धर्म र सम्प्रदायको आ-आफ्नै सांस्कृतिक सम्पत्ति छ, जो विभिन्न चाडपर्वको रूपमा नेपाली समाजमा प्रचलनमा छन् । यहाँ १२५ भन्दा बढी जातजाति र १२३ भाषा रहेसँगै तिनका आफ्नै चाडपर्व, रहनसहन र संस्कृति छन् । यसैले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक देशका रूपमा चिनिन्छ । नेपालका संस्कृति, चाडपर्व र परम्परा अब कुनै क्षेत्र वा समुदायमा मात्रै सीमित छैनन् । यसले सांस्कृतिक आदान-प्रदान, एकता र सहअस्तित्वलाई देखाउँछ ।

नेपाली समाजमा मनाइने यी चाडपर्व अब विदेशमा पनि उत्तिकै हर्सोल्लासका साथ मनाउने गरिएको छ । विभिन्न देशमा गएका नेपालीले पनि आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार चाडपर्व मनाउने गरेका छन् । विश्वको जुनसुकै भूभागमा रहे पनि नेपालीहरुले आफ्नो धर्म संस्कृतिको संरक्षण गर्नुको साथै ती मुलुकमा नेपालीको परिचय गराउन सकेका छन् । चाडपर्वले नेपाल मात्र होइन, नेपाली समुदाय बसोबास गर्ने विश्वभरका नेपालीलाई सांस्कृतिक रूपमा जोड्ने काम गरेको छ । यसले गर्दा ती मुलुकबाट नेपाल भ्रमणमा आएका पर्यटक यहाँको चाडपर्व, संस्कृतिसँग निकै आकर्षित हुने गर्दछन् । विश्वका अधिकांश देशमा एउटै जात, धर्म र संस्कृतिको प्रभाव रहेको पाइन्छ । तर भौगोलिक रूपमा निकै साना र जनसाङ्ख्यिक दृष्टिले पनि अति न्यून रहेर पनि यहाँको सांस्कृतिक विविधताले नेपाललाई विश्वकै सांस्कृतिक पर्यटनको 'हब'को रुपमा स्थापित गरेको छ । नेपालले विश्वबाट धेरै पर्यटक भित्र्याउने मुख्य सम्पदा भनेको चाडपर्वहरु नै हुन् ।

### सांस्कृतिक बहुलवादको उदाहरण

जातीय छुवाछूतको अवस्थामा निकै कमी आएसँगै विभिन्न संस्कृति, भाषा, धर्मलाई समान सम्मान गर्ने संस्कारको विकास भइरहेको छ । एउटै समाजमा भिन्न-भिन्न समुदाय शान्तिपूर्वक बस्ने सहअस्तित्व वातावरणको विकास भएको छ । पर्व, भेषभूषा, खानपान, विचारधारा आदान-प्रदान गर्दै नयाँ सांस्कृतिक मूल्य मान्यताले प्रश्रय पाउन थालेको छ । आफ्नो मौलिक संस्कृतिलाई जोगाउँदै अरूलाई पनि सम्मान गर्ने संस्कारले नेपाली समाजलाई सांस्कृतिक बहुलवादको रूपमा रुपान्तरण गरिरहेको छ । पहाडको तीज मधेसमा झर्ने र मधेसको छठ पहाडमा उक्लिने प्रक्रिया नै सांस्कृतिक बहुलवादको एउटा उत्कृष्ट उदाहरण हो । यसले नेपाली समाजलाई अझ मजबुत, समावेशी र एकीकृत बनाएको छ ।

सांस्कृतिक बहुलवादले परस्पर सम्मान, सहिष्णुता र साझा पहिचानलाई प्रवर्द्धन गरी समाजमा विभिन्न संस्कृति, धर्म, भाषा, जातजाति, भेषभूषा, चाडपर्व आदिको सहअस्तित्वलाई बल पुऱ्याउँछ । सबै संस्कृति समान रूपमा सम्मानीत हुँदा राष्ट्रिय एकतालाई बलियो बनाउँछ । नेपालको राष्ट्रिय एकता कुनै एक जाति वा धर्ममा आधारित नभई सांस्कृतिक बहुलवादमा आधारित छ । विविधताभित्रको सहअस्तित्व, परस्पर सम्मान र साझा पहिचान नै नेपालको शक्ति हो । त्यसैले सांस्कृतिक बहुलवादलाई संरक्षण र प्रवर्द्धन गर्नु नै राष्ट्रिय एकताको प्रमुख आधार हो ।

हिन्दू, बौद्ध, इस्लाम, किराँत, क्रिश्चियनलगायतका धर्मावलम्बी समुदायमा मनाइने दसैं, तिहार, तीज, छठ, ल्होसार, ईद, क्रिसमस, उधौली-उभौली आदि पर्वहरुले आ-आफ्ना परम्परा पालना मात्र गरेका छैनन्, सबैलाई एउटै साझा नेपाली पहिचानमा बाँधेका छन् । नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुकमा राष्ट्रिय एकताको मूल आधार सांस्कृतिक बहुलवाद नै हो । एकतामा विविधता भन्ने अवधारणाले नै नेपाललाई अद्वितीय बनाएको छ ।

पछिल्लो समय विश्वव्यापीकरण र पूँजीवादका कारण हाम्रा सांस्कृतिक धरोहर र राष्ट्रिय एकताको प्रतीकका रूपमा रहेका चाडपर्वमा नकारात्मक प्रभाव देखिन थालेको छ । हिजोआज चाडपर्वमा विकृतिसँगै अनावश्यक खर्च गर्ने चलन बढ्न जाँदा हुने खाने र हुँदा खानेले मनाउने चाडपर्वमा फरक देखिनथालेको छ । धेरैका लागि चाडपर्व बोक्रिला बन्न पुगेका छन् । आधुनिकताको नाममा चाडपर्वको मौलिकता नै उपेक्षामा पर्न थालेको अनुभव गर्न थालिएको छ । यसले गर्दा हाम्रो मौलिक संस्कृति र परम्परा हराउँदै जाने हो कि भन्ने चिन्ता बढेको छ । समयमै यस्ता विकृति र विसङ्गतिलाई अन्त्य गरी सामाजिक सद्भाव, एकता र मौलिकतामा आधारित चाडपर्वलाई आत्मसात् गन ।

# भियतनामका उपराष्ट्रपतिको भ्रमणले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने

काठमाण्डु । उच्च आर्थिक वृद्धिदर भएको मुलुक भियतनाम र विकासशील मुलुकबाट अगाडि बढिरहेको नेपालबीचको सम्बन्ध नौलो हैन । एकअर्का मुलुकबीच चलायमान बनिरहेको अर्थतन्त्र र अपार पर्यटकीय सम्भावनालाई द्विपक्षीय उच्चस्तरीय भेटघाटले थप टेवा दिएको छ । यी मुलुकको सौहार्दपूर्ण सम्बन्धमात्र होइन, आर्थिक समृद्धिको यात्रामा धार्मिक, सांस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले अझ धेरै महत्व राख्दछ । दुवै बौद्ध धार्मालम्बी भएका मुलुक भएकाले धार्मिक, सांस्कृतिक पर्यटनले दुवै मुलुकलाई जोड्न सक्छ । भियतनामको कुल जनसङ्ख्या झण्डै १० करोड रहेको छ ।

भीयतनामका उपराष्ट्रपति भो थि आन सुआनको तीनदिने नेपालको औपचारिक भ्रमणले दुई देशबीच पर्यटन प्रवर्द्धन गर्न मद्दत पुगेको छ । भियतनामका लागि गैरआवासीय नेपाली राजदूत धनबहादुर ओली उच्चस्तरको यस भ्रमणबाट दुई मुलुकबीचको सम्बन्ध नयाँ उचाइमा पुग्ने विश्वास व्यक्त गर्नुहुन्छ । दुई देशबीच यसप्रकारका उच्चस्तरीय भ्रमणको आदानप्रदानबाट सरकारीस्तरमा मात्रै नभई व्यापार, व्यवसाय र जनस्तरमा समेत द्विपक्षीय सम्बन्ध सुदृढ तुल्याउन योगदान पुग्ने विश्वास गरिएको छ । उहाँले उच्चस्तरको भ्रमणबाट विशेषगरी नेपालको पर्यटन प्रवर्द्धनका लागि उपयुक्त अवसर हुने उल्लेख गर्नुभयो ।

राजदूत ओलीले भन्नुभयो, "एउटा उदाउँदै गरेको अर्थतन्त्र र अर्को विकासशील मुलुकबाट अघि बढिरहेको मुलुक जसको क्रय क्षमता र आर्थिक हैसियत बढ्दो छ, उसलाई सहज गन्तव्य, सांस्कृतिक हिसाबले नजिक, सभ्यता र मूल्यहरू पनि उस्तै भएको, बुद्ध धर्मप्रति आस्था भएको मुलुक भएकाले पर्यटनमा अत्यधिक सम्भावना हुन्छ । नेपालको विविध सांस्कृतिक सम्पदा, भौगोलिक विविधता, साहसिक गन्तव्य आदिले पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण अवसर हुन् ।"

संस्कृतिविद् डा गोविन्द टण्डनले भियतनामका उपराष्ट्रपतिबाट नेपालमा भ्रमण हुनुले विशेषगरी धार्मिक पर्यटन प्रवर्द्धनको ढोका खुलेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "भियतनामबाट पहिलोपटक भएको उच्चस्तरको भ्रमण नेपालका लागि ठूलो अवसर हो । भियतनामका बौद्ध धर्मावलम्बीलाई नेपालमा आकर्षण गर्न सकिए पर्यटक बढ्छन् । स्वयम्भू, बौद्धनाथ तथा लुम्बिनीको विश्वबजारमा थप प्रवर्द्धनका लागि भियतनाम, थाइल्याण्ड, कम्बोडिया, म्मानमारलगायत मुलुकसँग पर्यटनमा जोड्नसके फलदायी हुनेछ ।"

डा टण्डनले उपराष्ट्रपतिको भ्रमणले धार्मिक पर्यटन प्रवर्द्धनका साथै एकअर्का मुलुकबीचको सम्बन्धलाई थप प्रगाढ तुल्याउन र अरु धेरै सम्भावनाको ढोका खुल्ने विश्वास व्यक्त गर्नुभयो ।

पछिल्लो समयमा भियतनामबाट नेपाल भ्रमणमा आउने पर्यटकको संख्या उल्लेख्य छ । विसं २०८० मा भियतनामी पर्यटक एकै पटक तीन विमान चार्टर गरेर नेपाल भ्रमणमा आएका थिए । नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०२४ मा ११ हजार ६ सय ९४ भियतनामी पर्यटक नेपाल भ्रमणमा आएका थिए । सन् २०२५ को सात महिनामा ६ हजार नौसय ३७ भियतनामी पर्यटक नेपाल घुम्न आएका छन् । सन् २०२३ भियतनामबाट सबैभन्दा बढी १३ हजार आठ सय ९५ पर्यटक नेपाल आएका थिए ।

बोर्डका वरिष्ठ अधिकृत कविन्द्र भट्टका अनुसार पछिल्लो समय भियतनामबाट नेपाल आउने पर्यटकको सङ्ख्या बढ्दै गएको छ । उहाँले हवाई कनेक्टिभिटी विस्तारसँगै प्रवर्द्धनका कामलाई प्रभावकारी बनाउन सके भियतनामबाट धेरै सङ्ख्यामा पर्यटक आकर्षण गर्न सकिने उल्लेख गर्नुभयो ।



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रकाशन गरेको नेपाल टुरिजम 'स्टाटिस्टिक' २०२४ का अनुसार सन् २०२४ मा ११ लाख ४७ हजार ५४८ पर्यटक नेपाल भित्रिएका छन् । अघिल्लो वर्ष सन् २०२३ मा १० लाख १४ हजार ८८२ पर्यटकले नेपालको भ्रमण गरेका थिए । नेपाल आउने कूल पर्यटक मध्ये १५ दशमलव ३० प्रतिशत धार्मिक प्रयोजनका लागि आउनेगर्छन । बिदा र मनोरन्जनका लागि ६० दशमलव ४० प्रतिशत पर्यटक आउँछन् भने पदयात्रा र पर्वतारोहणका लागि नौ दशमलव ८० प्रतिशत तथा अन्य प्रयोजनका लागि १४ दशमलव ५० प्रतिशत पर्यटक आउँछन् ।

'भियतनाम नेशनल अथोरिटी अफटुरिजम'काअनुसारसन् २०२४ मा विश्वभरबाट भियतनाममा १७ दशमलव ५ मिलियनभन्दा बढी विदेशी पर्यटकले भ्रमण गरेका थिए । यो सन् २०२३ को तुलनामा ३९ दशमलव ५ प्रतिशतले बढी हो । विस्तारित हवाई कनेक्टिभिटी, खुला भिसा नीति र केन्द्रिय पर्यटन प्रवर्द्धनका कारण भियतनाममा पर्यटक आगमन बढेको उल्लेख गरिएको छ ।

राजदूत ओलीले दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५०औँ वर्षगाँठको सन्दर्भमा भियतनामका उपराष्ट्रपतिबाट भएको नेपाल भ्रणले दुई देशबीच व्यापार, लगानी, पर्यटन र सांस्कृतिक आदान-प्रदानलगायत आपसी सहकार्यका विविध क्षेत्रलाई नयाँ आयाममा लैजान पहल गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "नेपालको भौगोलिक, सांस्कृतिक र जैविक विविधता भियतनामका नागरिकका लागि मुख्य आकर्षण हुन ।"

विशेषगरी लुम्बिनीलाई केन्द्र बनाएर 'चार्टर फ्लाइट' सुविधा उपलब्ध गराएमा भियतनाममार्ग हुँदै कोरिया, जापानलगायत मुलुकका पर्यटकलाई नेपाल भित्र्याउन सकिने विश्वास गरिएको छ । यसले बौद्ध पर्यटनलाई अझ प्रवर्द्धन गर्नेछ । "बौद्धमार्गी मुलुक भियतनामले नेपाललाई बुद्ध जन्मभूमि र हिमालको देश भनेर चिन्ने गर्छ । त्यसैले बौद्ध पर्यटन प्रवर्द्धनमा दुवै देशले संयुक्त रूपमा काम गर्न सक्छौँ", राजदूत ओलीले भन्नुभयो ।

उपराष्ट्रपति सुआनले भ्रमणका दौरानमा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । साथै उहाँले आफ्ना नेपाली समकक्षी रामसहायप्रसाद यादवसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो भने परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले उहाँसँग शिष्टाचार भेटवार्ता गर्नुभयो । ती भेटवार्ताका दौरानमा उहाँहरूबीच कूटनीतिक र सांस्कृति सम्बन्ध विस्तारका साथै धार्मिक पर्यटन प्रवर्द्धनका क्षेत्रमा दुवै देश मिलेर काम गर्ने सम्बन्धमा कुराकानी भएको थियो ।

नेपाल र भियतना दुवै मुलुकको सेतुका रुपमा बौद्ध धर्म रहेकाले अधिकांश द्विपक्षीय भेटवार्तामा धार्मिक-सांस्कृतिक पर्यटनका प्रचुर सम्भावनाबारेमा छलफल भएको थियो । नेपाल र भियतनामबीच व्यापार, पर्यटन, लगानी र प्रविधि हस्तान्तरणका क्षेत्रमा द्विपक्षीय आर्थिक सम्बन्ध प्रगाढ बनाउने सम्भावना रहेको बताउनुभएको थियो । उपराष्ट्रपति सुआनले संस्कृति, खेलकुद र पर्यटनका क्षेत्रमा दुवै देशबीच सहकार्य गर्न आवश्यक रहेको उल्लेख गर्दै अन्तरराष्ट्रिय क्षेत्रमा नेपालले शान्ति कायम गर्न देखाएको अग्रसरता र जलवायु परिवर्तनको असरका सम्बन्धमा गरेको प्रतिबद्धताबाट आफू प्रभावित भएको बताउनुभएको थियो ।

दुवै मुलुकबीच सन् १९७५ मे १५ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । राष्ट्रिय जनगणना २०७८ को जनगणनाअनुसार नेपालमा बौद्ध धर्मावलम्बीको सङ्ख्या २३ लाख ९३ हजार ५४९ छ । जुन कुल जनसङ्ख्या दुई करोड ९१ लख ६४ हजार ५७८ को आठ दशमलव दुई प्रतिशत हो । त्यस्तै भियतनाम सरकारको धार्मिक मामिलासम्बन्धी समितिको तथ्याङ्कानुसार त्यहाँ करिब एक करोड ४० लाख बौद्ध धर्मावलम्बी रहेका उल्लेख छ ।

होटल सङ्घ नेपालका अध्यक्ष विनायक शाह भियतनामका उपराष्ट्रपतिबाट भएको नेपाल भ्रमणले नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो । उहाँले भन्नुभयो, "उच्चस्तरको भ्रमणले पर्यटन, व्यापार र जनताजनताबीचको सम्बन्धलाई बलियो बनाउँछ । भियतनामा बुद्धमार्गीहरू धेरै छन् उनीहरू लुम्बिनी आउन धेरै इच्छा गरिरहेका छन् । उनीहरूलाई नेपाल ल्याउने वातावरण बनाइनुपर्छ ।" नेपाल र भियतनामबीच सिधा हवाई उडान हुनसकेको खण्डमा भियतनामी पर्यटक बढ्नुका साथै भैरहवा र पोखरा विमानस्थल पनि चलायमान हुने उहाँले उल्लेख गर्नुभयो ।

नेपाल एशोसिएसन अफ नेपाल टुर्स एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष कुमारमणि थपलियाले भियतनामका उपराष्ट्रपतिबाट भएको नेपाल भ्रमणले नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो । उहाँले यस किसिमका द्विपक्षीय भ्रमणलाई आगामी दिनमा पनि निरन्तरता दिइनुपर्नेमा जोड दिनुभयो ।

भियतनामको तर्फबाट यो पहिलो उच्चस्तरीय भ्रमण हो । यस वर्ष नेपाल र भियतनामबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वर्षगाँठसमेत परेकाले यस भ्रमणलाई विशेष महत्वका साथ हेरिएको छ । यसैगरी, उपराष्ट्रपति सुआनसँग परराष्ट्रमन्त्री डा राणाले शिष्टाचार भेटवार्ता गरी दुवै देशबीचको सांस्कृतिक सम्बन्धलाई उजागर गर्नुपर्ने र बौद्धधर्म दुवै देश र जनताको सम्बन्ध विस्तारको एक सबल कडी रहेकामा जोड दिनुभएको थियो । मन्त्री डा राणाले भियतनामबाट नेपालका भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा विमानस्थलमा उडानको वातावरण निर्माणका लागि पनि आग्रह गर्नुभएको थियो ।रासस

## व्रत, संयम र आत्मअनुशासनसँग तीज पर्व गहिरो रूपमा जोडिएको छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले हरितालिका (तीज)को अवसरमा सबै दिदीबहिनीहरूलाई शुभकामना व्यक्त गर्नुभएको छ । उहाँले नेपाली हिन्दू महिलाको महान् पर्व हरितालिका (तीज), २०८२ का अवसरमा मंगलबार सामाजिक सञ्जालमार्फत शील, सौजन्य र उदारताको पर्व हरितालिका तीजको सबैलाई शुभकामना व्यक्त गर्नुभएको हो ।

उहाँले भन्नुभएको छ,"संयुक्त परिवार संस्कृतिको सुगन्ध बोकेको हरितालिका तीजले सबैको परिवारमा आत्मीयता, दाम्पत्यमा उल्लास र समाजमा सौहार्द फैलाओस् । सबै दिदीबहिनीहरूलाई हरितालिका तीजको मङ्गलमय शुभकामना !" प्रधानमन्त्री ओलीले तीजलाई प्रायः गीत-नृत्यको पर्वका रूपमा मात्रै बुझ्ने गरिएको जनाउँदै तर यसको मूल सम्बन्ध व्रत, संयम र आत्मअनुशासनसँग गहिरो रूपमा जोडिएको बताउनुभएको छ ।

"प्राचीनकालमा पतिपत्नी दुवैले सप्तऋषिको पूजा गर्दै व्रत बस्ने चलन रहेको पाइन्छ । समय क्रममा महिलामात्रै व्रत बस्ने परम्परा विकसित भयो । अहिलेको समाजमा अझै नयाँ मतहरू पनि आएका छन्", प्रधानमन्त्री ओलीले उल्लेख गर्नुभएको छ, "हाम्रो संस्कृतिले तीजलाई आत्मिक शुद्धता र दाम्पत्य जीवन सुदृढीकरणको व्रतोत्सवका रूपमा लिएको छ । रासस

## तीजपर्व लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि सामाजिक जागरण'

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले हरितालिका तीज पर्वले महिलामाथि हुने विभेद, हिंसा र कुरीतिहरूको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने प्रेरणा दिने बताउनुभएको छ ।

हरितालिका तीज पर्व २०८२ का अवसरमा सामाजिक सञ्जालमार्फत उहाँले जारी गर्नुभएको शुभकामना सन्देशमा सबै दिदीबहिनीहरूलाई शुभकामना व्यक्त गर्दै तीजले सामाजिक-सांस्कृतिक एकता तथा पारिवारिक सम्बन्धलाई अझ सुमधुर बनाउने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले सन्देशमा तीजले समाजका हरेक क्षेत्रमा महिलाहरूको समान पहुँच र सशक्तीकरणलाई प्रोत्साहित गर्छ भन्नुभएको छ ।

पूर्वराष्ट्रपति भण्डारीले सन्देशमा तीज पर्वले हाम्रो जीवनशैली, संस्कृति र सहिष्णुताको उज्ज्वल परम्परा बोकेको उल्लेख गर्नुभएको छ । उहाँले विवाहिता महिलाले आफ्ना जीवनसाथी तथा परिवारको सुस्वास्थ्य, दीर्घायु र कल्याणको कामना गर्दै व्रत बस्ने धार्मिक आस्था यस पर्वसँग गहिरो रूपमा जोडिएको छ भन्नुभयो ।

"विवाहपश्चात् महिलाले जन्मघर छाडेर कर्मघरमा जीवन बिताउँदा उत्पन्न हुने भावनात्मक दूरीलाई कम गर्ने अवसरका रूपमा पनि तीजलाई लिइन्छ", उहाँले सन्देशमा भन्नुभएको छ, "यस पर्वले चेली र माइतीबीचको आत्मीयता, परिवार र साथी-सङ्गीबीचको न्यानो सम्बन्ध तथा समाजभित्रको भावनात्मक एकतालाई अझ प्रगाढ बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ ।"

उहाँले तीज पर्वलाई लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि सामाजिक जागरण तथा सचेतना अभिवृद्धि गर्ने महत्त्वपूर्ण मञ्चका रूपमा समेत लिन सकिने बताउनुभएको छ । उहाँले शुभकामना सन्देशमा उल्लेख गर्नुभएको छ, "पछिल्ला वर्षहरूमा तीज पर्व मनाउने क्रममा देखिएको केही भड्किलोपन र खर्चिलोपन चिन्ताको विषय बनेको छ । तसर्थ, हामी सबैले यस पर्वसँग गाँसिएका धार्मिक र सांस्कृतिक मूल्यहरूलाई संरक्षण गर्दै, समाजमा देखिने विकृति र विसङ्गतिलाई हटाउन प्रयास गर्नु आवश्यक छ ।"रासस

## महिला साना किसान कृषि सहकारी संस्था लि.

**सत्तोषर-४, धनुषा**

### कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सिलबन्दी दरभाउपत्र नं. ०१-२०८२/२०८३**

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८२/०५/११**

महिला साना किसान कृषि सहकारी संस्था लि. सबैला न.पा.-९, सतोषर, धनुषाको GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागी यस सहकारी संस्था र GGGI को संयुक्त लगानिमा Agriculture Custom Hiring Center सुरुवात तथा स्तरोन्नती गर्नको लागि आवश्यक कृषि मेसिनरी तथा उपकरण खरिद गर्नु पर्ने छ ।

उल्लेखित परियोजना अन्तर्गत Agriculture Custom Hiring Center को लागी तपसिल अनुसारका कृषि मेसिनरी तथा उपकरण आपुर्तिको लागी सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ । साथै देशैभरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता, आपुर्तिकर्ता तथा वितरकहरुबाट यो सूचना प्रकाशन भएको मितीले २१ दिनभित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यालय समयभित्र गोप्य सिलबन्दी दरभाउ पेश गर्नु हुन वा ईमेल ठेगाना sanakisanddig999@gmail.com मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्बन्धित दरभाउपत्र सम्बन्धि आपुर्ति गरिने सामानको बिवरण र कागजातहरु यसै लिङ्कमा उपलब्ध छ लिङ्कः-
https://www.jobsnepal.com/kashha-yanatara-tatha-upakaranaehara-kharathaka-lga-shalbnatha-tharabhaupatara-aahavanaka-sacana-139367

**तपसिलः-**

१. माथि उल्लेखित मेसिनरी तथा उपकरणहरु एकमुष्ट वा छुट्टाछुट्टै खरिद गर्न सकिने छ । ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले आफुसंग उपलब्ध मेसिनरी तथा उपकरणहरु मात्रको लागि पनि सिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्रि पश्चातको सेवा सुबिधालाई उच्च प्राथमिकता दिईनेछ ।
२. विक्रेतालाई भुक्तानी गर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ ।
३. उपरोक्त कारोबार भदौ १० देखि असोज १५, २०८२ सम्म संचालन गरिनेछ ।
४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा वितरकले संस्थाको कार्यालयमा उपस्थित भई वा (माथि लिङ्कवाट डाउनलोड गरि) प्राप्त गर्न सकिने छ । यो सूचना प्रकाशन भएको मितीले २१ दिनभित्र यस सहकारी संस्थाको कार्यालयमा दरभाउ उल्लेखित गरि पेश गर्न सकिने छ (अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा पेश गर्न सकिनेछ) ।
५. सिलबन्दी दरभाउपत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/०८२ को करचुक्ता वा म्यादथपको पत्र सहित २०८०/२०८१ को करचुक्ता) पेश गर्नु पर्ने छ ।
६. सिलबन्दी दरभाउ पेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्कवापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरी जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र संग पेशगर्नु पर्नेछ ।
७. बोलपत्र फाराममा उल्लेखित मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुवैमा स्पष्ट लेखिएको हुनुपर्नेछ । अंकअक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्यहुने छैन ।
८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरि लाहाछापले सिलबन्दी गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन ।
९. पेश गरिएका बोलपत्रहरु मिती २०८२ भदौ ३० गते १:०० बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधीको उपस्थितीमा यस संस्थाको कार्यलयमा खोलिने छ । तोकिएको दिनमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि सिलबन्दी दरभाउ खोल्नकुनै बाधापर्ने छैन । तर सो दिन सार्वजानिक विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउ खोलिने छ ।
१०. म्याद नाघी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
११. अन्यशर्तहरु साना किसान कृषि सहकारी संस्था लि. दिगम्बरपुर, क्षीरेश्वरनाथ न.पा.-९, धनुषाको खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलीत कानुन बमोजिम हुनेछ । निर्णयको सर्वाधिकार साना किसान कृषि सहकारी संस्था लि. दिगम्बपुर, क्षीरेश्वरनाथ न.पा.-९, धनुषामा निहित रहनेछ ।
१२. बोलपत्रदाताले जम्मा प्रस्तावित कबोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यालयको नाममा जारी भएको पत्र पेश गर्नु पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि. महेन्द्रनगरको खाता नं. १२४०१०००००२८७००१ मा दाखिला गरि जम्मा गरेको बैंक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र सिलबन्दी बोलपत्र सँगै पेश गर्नु पर्ने छ ।
१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ ।

**बोलपत्र पेशगर्ने र खोलिने ठेगाना**

साना किसान कृषि सहकारी संस्था लि. दिगम्बरपुर क्षीरेश्वरनाथ न.पा.-९, धनुषा
ईमेल : sanakisandig999@gmail.com

**खरिद उपसमिति**
**मो. ९८५४०७०१००**

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जलेश्वर, महोत्तरीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पपत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०५/११ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा )**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/१२/२९ गते मंगलवारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले मिति २०८२/०३/१७ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८२/०५/१८ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय जलेश्वर, महोत्तरीमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१. ऋणी** : नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा सान उद्योग कार्यालय, महोत्तरीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत मिति २०६९/०९/०६ मा प्रा.फ.र.नं. १९१९/११-०६९/७० मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरीक राजश्व विभाग, आन्तरीक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०६९/०९/१७ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००८१७९०३ को प्रमाणपत्र प्राप्त **विनय ज्वेलर्स** । फर्मको ठेगाना : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ४ ।

**प्रोप्राईटर तथा जमानतकर्ता : बिनय कुमार साह**
(ना.प्र.नं. ६४३०३५२४, जारी मिति २०५९/१२/१८ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।
ठेगाना : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ६, (साविक नैन्ही गा.वि.स. वडा नं. १) ।
बाबु : राम विलास साह । बाजे : राम प्रसाद साह ।

**जमानतकर्ता : रिना साह**
(ना.प्र.नं. १८-०१-७०-०८८९६ जारी मिति २०७०/११/१४ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।
ठेगाना : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ६, (साविक नैन्ही गा.वि.स. वडा नं.१) ।
बाबु :राज कुमार महतो ।
पति : बिनय कुमार साह । ससुरा : राम विलास साह ।

**जमानतकर्ता : राम कुमारी देवी**
(ना.प्र.नं. ६४३०००६ जारी मिति २०४३/०३/२३ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।
ठेगाना : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ६, (साविक नैन्ही गा.वि.स. वडा नं. १) ।
बाबु : लक्ष्मी मेहतरी ।
पति : राम विलास साह । ससुरा : रामप्रसाद साह ।

**२. ऋणी : बिनय कुमार साह**
(ना.प्र.नं. ६४३०३५२४, जारी मिति २०५९/१२/१८ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।
ठेगाना : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ६, (साविक नैन्ही गा.वि.स. वडा नं. १) ।
बाबु : राम विलास साह ।
बाजे : राम प्रसाद साह ।

**जमानतकर्ता : रिना साह**
(ना.प्र.नं. १८-०१-७०-०८८९६ जारी मिति २०७०/११/१४ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।
ठेगाना : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ६, (साविक नैन्ही गा.वि.स. वडा नं.१) ।
बाबु :राज कुमार महतो ।
पति : बिनय कुमार साह । ससुरा : राम विलास साह ।

**जमानतकर्ता : राम कुमारी देवी**
(ना.प्र.नं. ६४३०००६ जारी मिति २०४३/०३/२३ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।
ठेगाना : महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ६, (साविक नैन्ही गा.वि.स. वडा नं. १) ।
बाबु : लक्ष्मी मेहतरी ।
पति : राम विलास साह ।
ससुरा : रामप्रसाद साह ।

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. बिनय कुमार साहको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायाम रहेको महोत्तरी जिल्ला जलेश्वर न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ कित्ता नं. ३१२ र २५३ क्षेत्रफल ०-०-५-० र ०-०-१०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत....१
२. राम कुमारी देवीको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायाम रहेको महोत्तरी जिल्ला नैन्ही गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ स्थित कित्ता नं. ४०६ क्षेत्रफल ०-२-१५-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत.................................१
३. ऋणी विनय ज्वेलर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण...................................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा शाखा कार्यालय जलेश्वर, महोत्तरी**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ र शाखा कार्यालय जलेश्वर, महोत्तरीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

# युरोपेली र इरानी कूटनीतिज्ञबीच आणविक वार्ता

एपी

भिएना ।संयुक्त रूपमा इ-थ्री राष्ट्र भनिने बेलायत, फ्रान्स र जर्मनीका प्रतिनिधिहरू मङ्गलबार जेनेभामा आफ्ना इरानी समकक्षीसँग अन्तिम समयमा वार्ता गर्न तयारी गर्दैछन् ।

यो वार्ता युरोपेलीहरूले तथाकथित स्न्यापब्याक संयन्त्र सक्रिय गरेर इरानमाथि प्रतिबन्ध पुनः लागू गर्ने द्रुत समयसीमा नजिकिँदै गर्दा आयोजना गरिएको हो ।वार्ताबारे इरानी विदेश मन्त्रालयका प्रवक्ताले सोमबार घोषणा गरेका हुन् ।

यसअघि, जुलाई २५ मा इस्तानबुलमा युरोपेली र इरानी टोलीबीच बैठक भएको थियो। जुन महिनामा भएको १२ दिने इरान-इजरायल युद्धअघि नै इरानी आणविक कार्यक्रम 'हतियार-स्तर' नजिक युरेनियम संवर्धन गरिरहेको भन्दै युरोपेलीहरू चिन्तित बनेका थिए ।

इरान-इजरायलयुद्धकाक्रममाइरानकाकेही आणविक साइटहरूमा आक्रमण भएको थियो । त्यहीबेला तेहरानले



अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) सँगको सबै सहयोग तोड्दा चिन्ता झन् गहिरिएको हो ।

यस कदमले अन्तर ाष्ट्रिय समुदायलाई इरानको आणविक कार्यक्रमबारे अझ अन्धकारमा धकेलेको छ । अहिले इरानसँग ६० प्रतिशत शुद्धतामा युरेनियम भण्डार रहेको बताइन्छ । यो स्तर हतियार-ग्रेड ९० प्रतिशतसम्म पुग्न प्राविधिक दृष्टिले छोटो दूरी मात्रै बाँकी छ ।

इरानले भने सधैँ आफ्नो आणविक कार्यक्रम 'शान्तिपूर्ण' भएको दाबी गर्दै आएको छ। तर त्यही स्तरको युरेनियम संवर्धन गर्ने इरान विश्वकै एक मात्र गैर-आणविक-सशस्त्र राष्ट्र हो। अमेरिका, आइएइए र अन्य स्रोतहरूले इरानसँग सन् २००३ सम्म आणविक हतियार कार्यक्रम रहेको बताउँदै आएका छन् ।

यसैबीच, युरोपेली राष्ट्रहरूले यस वर्षको सुरुमा अमेरिकासँग सहमति गर्दै इरानले केही शर्तहरू पूरा नगरेमा अगस्टको अन्त्यसम्म स्न्यापब्याक संयन्त्र लागू गर्ने समयसीमा तोकेका थिए । ती शर्तमध्ये अमेरिकासँग वार्ता पुनः सुरु गर्ने अनुमति दिनु पनि एक हो ।

सन् २०१५ को इरान आणविक सम्झौतामा रहेको स्न्यापब्याक प्रावधानअनुसार, कुनै पनि पक्षले इरानलाई आवश्यकताअनुसार अनुपालन नगरेको ठहर गरेमा प्रतिबन्धहरू स्वचालित रूपमा पुनः लागू गर्न सकिन्छ । यसरी लागू गरिने प्रतिबन्धलाई रूस वा चीनसहित संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का अन्य सदस्यहरूले भिटो गर्न सक्दैनन् ।इरानले भने युरोपेलीहरूले स्न्यापब्याक प्रयोग गरेर राष्ट्रसङ्घीय प्रतिबन्ध पुनः लागू गर्ने कुनै कानूनी आधार नभएको दाबी गर्दै आएको छ ।

इरानको भनाइमा, सन् २०१८ मा अमेरिकाले सम्झौताबाट एकतर्फी रूपमा बाहिरिएपछि अन्य राष्ट्रहरूले सन् २०१५ को सम्झौतालाई पूरा समर्थन नगर्दा इरानलाई अपेक्षित आर्थिक लाभबाट वञ्चित बनायो ।सन् २०१५ मा विश्व शक्तिहरू र इरानबीच भएको सम्झौताअनुसार, इरानले आणविक हतियार विकास गर्न नसकोस् भन्ने उद्देश्यले उसलाई केवल 'ऊर्जाका लागि आवश्यक स्तर' सम्म मात्र युरेनियम संवर्धन गर्न अनुमति दिइएको थियो ।

यसको बदलामा इरानमाथि लगाइएका कठोर आर्थिक प्रतिबन्ध हटाइएका थिए र राष्ट्रसङ्घीय निरीक्षकहरूलाई उक्त कार्यक्रमको निगरानी गर्ने जिम्मा दिइएको थियो ।मूल सम्झौताअनुसार, इरानलाई तीन दशमलव छ शुद्धतासम्म मात्र युरेनियम संवर्धन गर्ने, अधिकतम तीन सय किलोग्राम युरेनियम भण्डार राख्ने र केवल आधारभूत आईआर-१ सेन्ट्रिफ्युज प्रयोग गर्ने छ ।

# भारतीय निर्वाचन आयोगमाथि विपक्षीको धाँधली आरोप

एएफपी

नयाँदिल्ली । लामो समयदेखि विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको निष्पक्ष संरक्षक मानिँदै आएको भारतीय निर्वाचन आयोग अहिले आफ्नो विश्वसनीयता र स्वतन्त्रतामाथि अभूतपूर्व प्रश्न उठ्दै आलोचनाको घेरामा परेको छ ।

विपक्षी दलका नेता र आलोचकहरूले हालै सम्पन्न आम निर्वाचनमा ठूलो मात्रामा धाँधली भएको र यसले सम्पूर्ण परिणाम प्रभावित पारेको आरोप लगाएका छन् । तर, निर्वाचन आयोगले भने सबै आरोपहरूलाई दृढतापूर्वक अस्वीकार गरेको छ ।

नयाँदिल्लीको संसद्मा प्रमुख विपक्षी नेता तथा कांग्रेस पार्टीका राहुल गान्धीले यस अभियानको नेतृत्व गरिरहनुभएको छ । उहाँले अघिल्लो पटक इलेक्ट्रोनिक मतदान मेसिनहरू त्रुटिपूर्ण भएको आरोप लगाउनुभएको थियो । अहिले भने उहाँले निर्वाचन आयोगले डिजिटल मतदाता रेकर्ड सार्वजनिक गर्न अस्वीकार गरेको बताउँदै आफ्ना समर्थकहरूले हप्तौँसम्म हातैले दर्ता सूचीहरू जाँच्दा भेटिएका त्रुटिहरू देखाउनुभएको छ ।





**आरोपहरू के के छन् ?**

पचपन्न वर्षीय गान्धीले सन् २०२४ को संसदीय चुनावमा मत हेरफेरका कारण आफ्नो पार्टीले दर्जनौं सिट गुमाएको दाबी गर्नुभएको छ । एक अर्ब ४० करोड जनसङ्ख्या भएको भारतभरि छ हप्तासम्म चलेको यो चुनावलाई मानव इतिहासकै सबैभन्दा ठूलो लोकतान्त्रिक अभ्यास मानिन्छ ।

गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) लाई समर्थन गर्न आयोगले मतदाता सूचीमा हेरफेर गरेको बताउनुभयो । चौरहत्तर वर्षीय मोदीले गत वर्ष ऐतिहासिक तेस्रो कार्यकाल जिते पनि स्पष्ट बहुमत प्राप्त गर्न सक्नुभएको थिएन । गान्धीका अनुसार धाँधलीका रणनीतिहरूमा एउटै व्यक्तिको नामबाट धेरै पटक मतदान गर्नु, नक्कली ठेगाना प्रयोग गरेर मतदाता थप्नु जस्ता काम समावेश थिए ।

अगस्ट ७ मा उहाँले पत्रकार सम्मेलनमार्फत आफ्नो पार्टी सानो मतान्तरले हारेको निर्वाचन क्षेत्रमा एक लाखभन्दा बढी 'नक्कली' मत खसेको उदाहरण प्रस्तुत गर्नुभयो । यस क्षेत्रमा कांग्रेस ३० हजारभन्दा बढी मतले पराजित भएको थियो ।"हाम्रो माग स्पष्ट छ–निर्वाचन आयोगले डिजिटल मतदाता सूची पारदर्शी रूपमा सार्वजनिक गरोस् ताकि जनता र राजनीतिक दलहरूले स्वतन्त्र रूपमा लेखापरीक्षण गर्न सकून्", गान्धीले भन्नुभयो ।

**निर्वाचन आयोगको प्रतिक्रिया**

भारतीय निर्वाचन आयोगले यी सबै आरोपलाई 'झुटा र भ्रामक' भनेको छ । मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले आयोग कहिल्यै आफ्नो संवैधानिक कर्तव्यबाट पछि नहट्ने बताउनुभयो ।

"निर्वाचन आयोगलाई राजनीतिक औजारका रूपमा प्रयोग गरेर भारतका मतदातालाई लक्षित गर्ने प्रयास भइरहेको छ", उनले पत्रकार सम्मेलनमा भन्नुभयो, "आयोग सबै मतदातासँग दृढतापूर्वक उभिएको छ र कुनै भेदभावबिना आफ्नो कर्तव्य पूरा गर्न निरन्तर प्रतिबद्ध छ ।" कुमारले आरोप लगाउनेहरूले प्रमाणसहित शपथपत्र पेस गर्न वा राष्ट्रसँग माफी माग्नुपर्ने चेतावनी पनि दिनुभयो ।

**किन अहिले ?**

गान्धीले अगस्ट १७ मा बिहारमा एक महिनासम्म चल्ने 'मतदाता अधिकार' र्‍याली सुरु गर्नुभएको छ, जसमा ठूलो जनसमर्थन प्राप्त भएको बताइएको छ । अक्टोबर वा नोभेम्बरमा त्यहाँ हुने विधानसभा चुनावअघि यी आरोपहरू चर्किएका हुन् ।

विपक्षीहरूले आयोगले पञ्जीकरण सुधारका नाममा कडा कागजात मागेर सामूहिक मताधिकार हनन गरेको दाबी गरेका छन् ।

तर, गत हप्ता भारतको सर्वोच्च अदालतले अधिकांश नागरिकसँग हुने बायोमेट्रिक आइडीलाई वैध मान्दै राहत दिएको छ ।

यसैबीच, कार्यकर्ताहरूले जीवित मतदातालाई मृत घोषित गरिएको, पूरा परिवारलाई दर्ता सूचीबाट हटाइएकोजस्ता घटनाहरू रिपोर्ट गरेका छन् ।

गान्धीले यसलाई 'अन्तिम षड्यन्त्र' भन्नुभएको छ । बिहारमा मतदाता प्रमाणीकरण प्रक्रिया सेप्टेम्बर २५ भित्र सक्ने र अन्तिम सूची पाँच दिनपछि प्रकाशित गर्ने योजना छ ।

गान्धीले आरोप लगाउँदै भन्नुभयो, "सुधारको नाममा उनीहरूले नयाँ मतदाता थप्ने र पुराना मतदाता हटाएर चुनाव चोर्न खोजेका छन् ।" आयोगले भने यो अभ्यास विदेशी अवैध आप्रवासीलाई मतदाता सूचीमा प्रवेश गर्न नदिन गरिएको स्पष्ट पारेको छ ।

मोदी नेतृत्वको भाजपाले लामो समयदेखि छिमेकी बङ्गलादेशबाट ठूलो सङ्ख्यामा कागजातविहीन आप्रवासी मुस्लिमहरू भारतको मतदाता सूचीमा प्रवेश गरेको दाबी गर्दै आएको छ ।यता आयोगले बिहारमा मेसिनले पढ्न सकिने डिजिटल रेकर्डलाई स्क्यान गरिएको छविले प्रतिस्थापन गरेपछि आलोचना बढेको छ । आलोचकहरूको भनाइमा यस परिवर्तनले त्रुटि पत्ता लगाउन कठिन हुने र समय बढी लाग्ने सम्भावना बढेको छ ।

# विश्वका चारमध्ये एक जना सुरक्षित पिउने पानीबाट वञ्चित : राष्ट्रसंघ

एएफपी

जेनेभा । विश्वभर अझै पनि दुई अर्बभन्दा बढी मानिस सुरक्षित र व्यवस्थित पिउने पानीको पहुँचबाट वञ्चित रहेको संयुक्त राष्ट्रसङ्घले चेतावनी दिएको छ। राष्ट्रसङ्घले मङ्गलबार प्रकाशित प्रतिवेदनमा सन् २०३० सम्ममा सबैका लागि सुरक्षित पानी र सरसफाइ उपलब्ध गराउने लक्ष्य अझै टाढिँदै गएको बताएको छ ।

संयुक्त राष्ट्रसङ्घको स्वास्थ्य संस्था (डब्लुएचओ) र बाल एजेन्सी (युनिसेफ) ले संयुक्त रूपमा जारी गरेको अध्ययनअनुसार गत वर्ष विश्वका चारमध्ये एक जना मानिस सुरक्षित रूपमा व्यवस्थित पिउने पानीको पहुँचबाट वञ्चित थिए । अझै पनि करिब १० करोड मानिस सतहको पानीमै निर्भर छन्, जसले उनीहरूलाई रोगको उच्च जोखिममा पारेको छ ।

"पानी, सरसफाइ र स्वच्छता कुनै विशेषाधिकार होइन, ती आधारभूत मानव अधिकार हुन्", डब्लुएचओका वातावरण विभागका प्रमुख रुडिगर क्रेचले भन्नुभयो, "सबैभन्दा सीमान्तकृत समुदायहरूका लागि कामलाई तीव्र बनाउनैपर्छ ।"

प्रतिवेदनले पिउने पानीलाई पाँच तहमा वर्गीकरण गरेको छ । सबैभन्दा माथिल्लो तह 'सुरक्षित रूपमा व्यवस्थित' हो, जसमा पानी घरमै उपलब्ध हुने, आवश्यक बेला पाइने र मल तथा रासायनिक प्रदूषणबाट मुक्त हुने सुविधा समावेश हुन्छ । अन्य तहहरूमा



आधारभूत (३० मिनेटभित्र सुधारिएको स्रोतमा पुग्ने), सीमित (३० मिनेटभन्दा बढी लाग्ने), असुरक्षित (असुरक्षित कुवा वा भूमिगत पानी) र सतहको पानी पर्दछन् ।

**पानी पहुचमा प्रगति र चुनौती**

सन् २०१५ देखि अहिलेसम्म ९६ करोड १० लाख मानिसले सुरक्षित पिउने पानीको पहुँच पाएका छन् । यस अवधिमा विश्वव्यापी पहुँच ६८ प्रतिशतबाट बढेर ७४ प्रतिशत पुगेको छ । तर अझै पनि दुई अर्ब १० करोड मानिस सुरक्षित रूपमा व्यवस्थित पिउने पानीबिनै बाँचिरहेका छन् । तीमध्ये १० करोड ६० लाखले सतहको पानी प्रयोग गरेका छन् । यो सङ्ख्या एक दशकमा छ करोड १० लाखले घटेको भए पनि चुनौती गम्भीर नै छ ।

सन् २०१५ मा १४२ देशले सतहको पानी प्रयोगलाई पूर्ण रूपमा हटाएका थिए ।

# भारतले पानी छोडेपछि पाकिस्तानमा ठूलो बाढीको जोखिम, हजारौं विस्थापित

एपी

लाहोर । छिमेकी भारतले 'ओभरफ्लो' भइरहेको बाँधबाट अतिरिक्त पानी छोडेपछि पाकिस्तानको पूर्वी क्षेत्रमा ठूलो बाढीको जोखिम उत्पन्न भएको छ । यससँगै अधिकारीहरूले दशौँ हजार बासिन्दालाई सुरक्षित स्थानतर्फ सारिरहेका छन् ।नयाँदिल्लीले इस्लामाबादलाई सम्भावित सीमापार बाढीबारे अघिल्लो दिन नै सचेत गराएको थियो । यो सूचना हालका महिनामा दुई आणविक-सशस्त्र प्रतिद्वन्द्वीबीच भएको पहिलो सार्वजनिक कूटनीतिक सम्पर्क पनि हो ।

पाकिस्तानको राष्ट्रीय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) ले सतलज नदीमा बढ्दो जलस्तरबारे चेतावनी जारी गर्दै पञ्जाब प्रान्तका विभिन्न जिल्लाबाट जनतालाई स्थानान्तरण गरिएको जनाएको छ । उद्धारकर्ताहरूले मात्र कसुर जिल्लाबाट १४ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा पुर्‍याएका छन् भने भारतीय सीमा नजिकको बहावलनगर सहरबाट ८९ हजारभन्दा बढी बासिन्दालाई सुरक्षित क्षेत्रमा सारिएको छ ।

एनडिएमएले नागरिकलाई नदी, खोल्सा र तल्लो क्षेत्रहरूबाट टाढा रहन, अनावश्यक यात्रा नगर्न र मिडिया, मोबाइल सन्देश तथा आफ्नो विपद् चेतावनी दिएको छ ।

# भियतनाममा टाइफुन काजिकीका कारण मृत्यु हुनेको संख्या बढ्यो

एएफपी

भिन्ह ।भियतनाममा टाइफुन काजिकीका कारण मङ्गलबारसम्म मृत्यु हुनेको सङ्ख्या तीन पुगेको छ । उखेलिएका रूख र बिजुलीका तारले अराजकता ल्याउँदा उद्धारकर्मीको ज्यान गएको छ । राजधानी हनोईसहित धेरै क्षेत्रमा भीषण बाढी र आँधीले दैनिक जीवन अस्तव्यस्त बनाएको छ ।

सोमबार मध्य भियतनाममा आएको आँधीले १३० किमी प्रतिघण्टा (८० माइल प्रतिघण्टा) को वेगमा चलेको हावाले हजारौँ घरका छत उडाएको छ भने र १६ लाखभन्दा बढी मानिस बिजुलीविहीन भएका छन् ।

मङ्गलबारसम्म तीन जनाको मृत्यु र १३ जना घाइते भएको पुष्टि भएको छ । अधिकारीहरूले आठ प्रान्तमा आकस्मिक बाढी र भूस्खलनको चेतावनी जारी गरेका छन् ।

भिन्हमा सैनिक र उद्धारकर्मीहरूले काट्ने उपकरण प्रयोग गरी सडक अवरुद्ध गर्ने दर्जनौं रूख र छतका प्यानल हटाइरहेका थिए । "एउटा भवनको आठौँ तलाबाट ठूलो स्टिलको छत उडेर सडकमा खस्यो, भाग्यवश कसैलाई चोट लागेन", ६५ वर्षीय ट्रान भ्यान हङले भन्नुभयो ।

भियतनाम बर्सेनि टाइफुनको मारमा पर्छ, तर जलवायु परिवर्तनका कारण यी आँधीबेहरी अझै तीव्र र अप्रत्याशित बन्दै गएका छन् । यसले उष्णकटिबन्धीय क्षेत्रमा बाढी र विनाशकारी आँधीबेहरीको सम्भावना बढाएको विज्ञहरूले चेतावनी दिएका छन् ।

**मधेश प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र**
**गौर, रौतहट**

**खामबन्दी प्रस्ताव आव्हान सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/११

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका इच्छुक लक्षित वर्गले आवेदन पेश गरेको कार्यक्रमको नाम स्पष्ट खुलाइ माँग गरिएको कागजात सहित प्रथम पटक प्रकाशित मितिले २१ औं दिन (२०८२/०५/३१ गते) कार्यालय समय भित्र यस कृषि ज्ञान केन्द्र रौतहटमा आवश्यक कागजातहरु सहितको खामबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । साथै यो सूचना सँग सम्बन्धि विस्तृत सूचना यस केन्द्रको सूचना पौटी तथा वेबसाईट https://akcrautahat.madhesh.gov.np मा हेर्न सकिनेछ । विस्तृत जानकारीको लागि ९८५५०४०१२९, ०५५५२०००१ मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| सूचना नं. | कार्यक्रमहरुको नाम | लक्षित बर्ग |
|---|---|---|
| ०१-२०८२।८३ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | कृषक / समूह / सहकारी |
| ०२-२०८२।८३ | दलहन बाली प्रवर्द्धन कार्यक्रम | कृषक / समूह / सहकारी |
| ०३-२०८२।८३ | च्याउ प्रबर्द्धन कार्यक्रम | कृषक / समूह / कृषि उद्यमी / सहकारी |
| ०४-२०८२।८३ | मौरी प्रवर्द्धन कार्यक्रम | कृषक / समूह / सहकारी |
| ०५-२०८२।८३ | मुल्य श्रृख्लामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रम | कृषक / कृषि उद्यमी / समूह / सहकारी |
| ०६-२०८२।८३ | मकै बाली प्रवर्द्धन कार्यक्रम | कृपक / समूह / सहकारी |
| ०७-२०८२।८३ | हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जनका लागि १००% अनुदानमा कृषि बिकास कार्यक्रम | हरुवा, चरुवा, दलित कृषक / समूह / सहकारी |
| ०८-२०८२।८३ | बगर खेतीमा सहयोग कार्यक्रम | कृषक |

**नोट**ः अधिकत्तम अनुदान प्रकाशित कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ अनुसार हुनेछ । तथा अनुदानको सिमा उल्लेख नगरिएको हकमा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ अनुसार हुनेछ । एक व्यक्ति/संस्थाले कुनै दुई कार्यक्रममा मात्र आवेदन गर्न सक्नेछ । गत बिगत दुई आ.व. भित्र कुनै वित्तिय अनुदान पाईसकेको व्यक्तीले/संस्थाले सोही विषयमा पुनः अनुदान पाउने छैन । झुटो बिबरण पेश गरेको प्रमाणित भएमा कानुनकै बेमोजिम आवेदन रद्द गरिनेछ । प्रस्ताव स्वीकृति गर्न सम्बन्धित सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा रहने छ ।

**नि. कार्यालय प्रमुख**

**साना किसान कृषि सहकारी संस्था लि. पडौल**
**बलवा न.पा.- ०४, (पडौल) महोत्तरी**

**कृषि यन्त्रतथा उपकरण खरिदको लागी शिलवन्दी दरभाउ पत्र आव्हानको सुचना**

**शिलबन्दी दरभाउपत्र नं. ०१-२०८२/२०८३**

प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०८२/०५/११

साना किसान कृषि सहकारी संस्था लि. पडौल, बलवा न.पा.-०४, महोत्तरीको GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागीयस सहकारी संस्था र GGGI को संयुक्त लगानिमा Agriculture Custom Hiring Center सुरुवात गर्नको लागि आवश्यक कृषि मेसिनरी तथा उपकरण खरिद गर्नु पर्ने छ ।

उल्लेखित परियोजना अन्तर्गत Agriculture Custom Hiring Center को लागी तपसिल अनुसारका कृषि मेसिनरी तथा उपकरण आपुर्तिको लागी सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ । साथै देशैभरिका ईजाजत प्राप्त आपूर्ति गर्न इच्छुक अधिकृत / आधिकारिक बिक्रेता, आपुर्तिकर्ता तथा बितरकहरुबाट यो सूचना प्रकाशन भएको मितीले ३० दिन भित्र तपसिलको शर्तहरुको अधिनमारही कार्यालय समय भित्र गोप्य सिलबन्दी दरभाउँ पेश गर्नु हुन वा ईमेल ठेगाना sanakisanparaul@gmail.com मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्बन्धित दरभाउपत्र सम्बन्धि आपुर्ति गरिने सामानको बिवरण र कागजातहरु यसै लिङ्कमा उपलब्ध छ

लिङ्कः https://drive.google.com/drive/folders/1Cbd4VBb58jHHRFgi9Qbm7xuSGJQsPV1P?usp=sharing

**तपसिलः-**

१. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा वितरकले आफुसंग उपलब्ध मेसिनरी तथा उपकरण को लागि शिलबनदी दरभाउ पेश गर्न सकिने छ । गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्रि पश्चातको सेवा सुविधालाई उच्च प्राथमिकता दिईने छ ।
२. विक्रेतालाई भुक्तानी गर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ ।
३. उपरोक्त कारोबार भदौ ११ देखि मंसिर १५, २०८२ सम्म संचालन गरिनेछ ।
४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा वितरकले संस्थाको कार्यालयमा उपस्थितभई वा (माथि लिङ्गबाट डाउनलोड गरि) प्राप्तगर्न सकिने छ । यो सूचना प्रकाशन भएको मितीले ३० दिनभित्र यस सहकारी संस्थाको कार्यालयमा दरभाउ उल्लेखित गरि पेश गर्न सकिने छ । अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनम तोकिएको समयमा पेश गर्न सकिनेछ) ।
५. शिलबन्दी दरभाउपत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि(आ.व. २०८१/०८२ वा म्याद थपको कर सहित ०८०/०८१ को करचुक्ता पेश गर्नु पर्ने छ ।
६. शिलबन्दी दरभाउ पेशगर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्क बापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरि जम्मा गरेको भौचर शिलबन्दी दरभाउसंग पेशगर्नु पर्नेछ ।
७. बोलपत्र फाराममा उल्लेखित प्रत्येक मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुबैमा स्पष्ट लेखिएको हुनुपर्नेछ । अंक अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।
८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरि लाहाछापले शिलबन्द गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्यहुने छैन ।
९. पेश गरिएको बोलपत्रहरु मिती २०८२ असोज ९ गते १ बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधीको उपस्थितीमा यस संस्थाको कार्यलयमा खोलिने छ । तोकिएको दिनमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि शिलवन्दी दरभाउ खोल्न कुनै बाधापर्ने छैन । तर सो दिन सार्वजानिक बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउ खोलिने छ ।
१० म्याद नाघी वा रित नपुगी आएका बोल पत्र उपर कुनै कारबाही हुने छैन ।
११. अन्य शर्तहरु साना किसान कृषि सहकारी संस्था लि.पडौल को खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलीत कानुन बमोजिम हुनेछ । निर्णयको सर्वाधिकार साना किसान कृषि सहकारी संस्था लि.पडौलमा निहित रहनेछ ।
१२. बोल पत्रदाताले जम्मा प्रस्तावित कबोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यालयको नाममा जारी भएको पत्र पेश गर्नु पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाममा रहेको कृषि बिकास बैंक जनकपुर शिव चौकको खाता नं. १००५८०११५९८१७०१३ मा दाखिल गरि जम्मा गरेको बैंक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र शिलबन्दी बोल पत्र सँगै पेश गर्नु पर्ने छ ।
१२. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ ।

**बोल पत्र पेश गर्ने र खोलिने ठेगाना**
साना किसान कृषि सहकारी संस्था लि. पडौल
बलवा न.पा.-०४ महोत्तरी, मधेश प्रदेश
ईमेलः sanakisanparaul@gmail.com
अध्यक्षः रिणा देवी मण्डल
प्रवन्धकः अरविन्द कुमार महतो

**खरिद उपसमिति**
**मो. ९८०४८९८३९५**

# नेवार समुदायले चथा पर्व मनाउँदै

भादगाउँ । नेवार समुदायले मंगलबार चथा पर्व मनाउँदै छ । भाद्र शुक्ल चतुर्थीको साँझ मनाइने चथा पर्व भक्तपुर नगरमा मंगलबारै मनाउन लागिएको हो । पञ्चाङ्ग निर्णायक समितिको पात्रोअनुसार भोलि भाद्र ११ गते भाद्र शुक्ल चतुर्थी भए पनि १० गते साँझ नै चतुर्थी पर्न आएका कारण चथा पर्व आजै मनाउन लागिएको हो ।

नेवाः संस्कृतिमा तिथि र मिति मिलाएर सांस्कृतिक पर्व मनाउनुपर्ने भएकाले चथा पर्व आजै मनाउन लागेको तलेजुका पुजारी नरेन्द्र जोशीले बताउनुभयो। गणेश चतुर्थीका अवसरमा आज नेवार समुदायले घर चोख्याएर साँझ परिवारका सबै सदस्यहरू बसेर गणेश र चन्द्रमालाई जीवनमा चोर दोष कहिल्यै नलागोस् भन्ने कामनासहित पूजा गर्दछन्। भगवान् गणेशको जन्मदिन मानिएको चतुर्थीको साँझ कौशी वा झ्यालमा चथा गणेश र चन्द्रमाको पूजा गर्ने परम्परा छ । यस दिन गणेश र चन्द्रमालाई विधिपूर्वक पूजा गरे जीवनमा अनाहकमा चोर दोष नलाग्ने जनविश्वास छ ।

चतुर्थीको दिन पूजा गर्दा चथा गणेशको तस्बिरलाई पला लप्ते (कमलको पात) वा जेला लप्ते (हल्दीको पातजस्तो) मा राखेर दुबो, मुला र लडडु, नैवेद्य, खाइसी, अदुवाको बोट, काँक्रो, भुटेको आरुको बीउ, नासपाती, केरा, स्याउ, अनार, अम्बा, हाडेओखर, मसला, मकै, भटमास, गहुँ, केराउ, चना, बकुल्ला, बदामलगायत आठ प्रकारका भुटेको गेडागुडी चढाइन्छ। यसरी विधिवत रूपमा पूजा सकेपछि परिवारका सबै सदस्यले प्रसादका रूपमा गणेश र चन्द्रमालाई चढाएको फलफूल तथा गेडागुडी खाने चलन छ । आजको दिन चथा गणेशलाई विभिन्न पकवानसँगै विषेशगरी दुबो, लड्डु र मुला चढाउँदा गणेश खुसी भई जीवनमा चिताएको मनोकामना पूरा हुने जनविश्वास छ।



चतुर्थीका अवसरमा नेवार समुदायमा चन्द्रमाको पूजा गर्ने दुई परम्परा छन्। एकथरि समुदाय चन्द्रमाको दर्शन गर्न नहुने मान्यताका साथै घरको सबै झ्याल ढोकामा समेत पर्दा वा कपडा राखेर चन्द्रमाको प्रकाश समेत घरभित्र छिर्न नसक्ने गरी लुकेर पूजा गर्ने गर्दछन । अर्को समुदाय घरको आँगनमा घरका सबै सदस्य जम्मा भएर चन्द्रमाको प्रतीक्षामा बस्ने र चन्द्रमा देखापरेपछि मात्र चथा गणेशको पूजा गरी प्रसाद खाएर घर भित्र पस्ने चलन छ।

यस दिन राती चन्द्रमाको पूजा गर्नुको अर्थ कुनै पनि व्यक्तिको रुपरङ्ग अस्थाई र गौण हुने तथा उसको राम्रो पक्ष काम हो भन्ने सन्देशसमेत दिने गरेकोसंस्कृतिविद्तथाइतिहासविद् प्रा डा पुरुषोत्तमलोचन श्रेष्ठ बताउनुहुन्छ। पौराणिक लोककथन अनुसार सत्ययुगमा एक दिन स्वर्गमा देवसभा भएको समयमा चन्द्रमाले गणेशलाई हात्तीको टाउको मुख भएको भन्दै अपमान गरेपछि गणेशले सहन नसकेर रिसाएर चन्द्रमालाई तिम्रो मुख हेर्ने जोकोहीलाई चोर दोष लागोस भनेर श्राप दिएछन। गणेशको सोही श्रापको प्रभावले त्यसदिनदेखि चन्द्रमाको मुख हेर्ने सबैलाई चोर दोष लाग्न थाल्यो । त्यसपछि देवीदेवताहरू समेतले चन्द्रमाको मुख हेर्न छाडिदियो । यसले चन्द्रमाको बेइज्जत भयो । चन्द्रमा बाहिर आउन, हिँडडुल गर्न समेत नसक्ने अवस्थामा पुग्नुभयो । त्यसपछि चन्द्रमा महादेवको शरणमा गएर भक्तिभाव गरी महादेवको सहयोगले चन्द्रमाले गणेशलाई दुबो, लड्डु र मुला चढाई क्षमायाचना गर्न लगाउनुभयो।चन्द्रमाकोक्षमायाचनाबाट प्रभावित भएर गणेशले अबदेखि भाद्र शुक्ल चौथीको दिनबाहेक अरु दिनमा चन्द्रमाको मुख हेरे चोर दोष नलाग्ने वरदान दिनुभयो।

साथै गणेशले चतुर्थीको राति विधिपूर्वक चन्द्रमाको पूजा गरे सो दिनमा चन्द्रमा दर्शन गरे पनि चोर दोष नलाग्ने वरदानसमेत दिएकाले गणेश चतुर्थीको दिन राति चन्द्रमाको पूजा गर्ने परम्परा बसेको लोककथन पाइन्छ । गणेश चतुर्थीलाई भक्तपुरका नेवार समुदायले दसैं भित्र्याउने चाडको रूपमा समेत लिने गरेका छन् । दसैंको प्रारम्भ पर्वका रूपमा लिने भएकाले नेवार समुदायले आजको दिन विशेषगरी घरघरमा मासु भित्र्याउने चलन छ । नेवार समुदायमा चथाः पर्व राम्रोसँग मनाए दसैं पनि राम्रो हुने धार्मिक मान्यता र विश्वास छ । बेलुका घरपरिवारका सबै सदस्य लाइन बसेर भोज खाने चलन छ। आजकै दिन भक्तपुरका किसानले आआफ्ना अदुवाखेतीको पूजा गरी नयाँ अदुवा निकाल्ने प्रचलन छ।

आजकै दिन इन्द्रजात्राको लागि भक्तपुरबाट काठमाडौंको बसन्तपुरसम्म लिंगो लैजाने परम्परा छ । इन्द्रजात्राको अवसरमा वसन्तपुरमा ठड्याउने लिङ्गो भक्तपुरको चित्तापोलस्थित लिङ्गेवनबाट ल्याइन्छ। लिङ्गेवनमा विधिपूर्वक पूजा गरेपछि बलि दिने बोकालाई छाड्ने र सो बोकाले जुन रुखलाई छुन्छ सोही रुख काटेर ल्याउनुपर्ने परम्परा छ ।रासस

## सटर (कवल) बहाल सम्बन्धि ७ (सात) दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०५/११**

यस शाखा कार्यालय मातहतको ज.उ.म.न.पा.वडा नं.४ स्थित रामचन्द्र गुठी अर्न्तगतका श्री अमरखाना देवी मन्दिरको दक्षिण तर्फका सटर (कवलहरु) नं. १ देखी १६ सम्मका प्रति पसल सटर (कवलहरु) न्यूनतम मासिक बहाल रु.५,०००।- (अक्षेरुपी पाँच हजार मात्र) राम मन्दिरको दक्षिण तर्फका सटर ( कवलहरु) नं. १७ देखी २२ सम्मका र राम मन्दिरको पश्चिम तर्फका सटर (कवलहरु) नं. २३ देखी २९ सम्मका लागि प्रति सटर (कवलहरु) को न्यूनतम मासिक बहाल रु.८,५००।- (अक्षेरुपी आठ हजार पाँच सय मात्र) का दरले ५ (पाँच) बर्षका लागि भाडा (बहालमा) बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा संस्था बाट प्रति सटर (कवलहरु) बोलपत्र फारम दस्तुर रु.३,००० (अक्षेरुपी तीन हजार मात्र) नगद बुझाई (पछि फिर्ता नहुने) गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रत्येक सटर (कवलका) लागि छुट्टाछुट्टै बोलपत्र फारम खरीद गरी ८औं दिनको १२ बजे भित्र सिलबन्दी बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि शाखा कार्यालयमा सर्म्पक गर्नुहोला ।

**गुठी संस्थान शाखा कार्यालय**
जनकपुरधाम, धनुषा
सम्पर्क नं. ०४१-५९०२८१.

# रोपो कुहिन थालेपछि किसान चिन्तित



गलकोट । यहाँको काठेखोला गाउँपालिका-१ पालाका तुलबहादुर खत्रीको दुई हलको मेलामा रोपेको धानको रोपो पूर्ण रुपमा कुहिएको छ । गोडमेल गर्ने बेलामा केही गाँज कुहिएको थियो । थप नकुहियोस् भनेर औषधि छर्कनुभयो । तर, कुहिन रोकिएन, हेर्दाहेर्दै खेत रित्तै हुन लागेको उहाँको भनाइ छ ।

काठेखोला गाउँपालिका, बागलुङ नगरपालिका र जैमिनी नगरपालिकाका अधिकांश किसान खत्रीको जस्तै रोपो कुहिने समस्याले चिन्तित छन् ।

किसानले कृषि ज्ञान केन्द्रमा रोपो कुहिएको र सुकेको जानकारी गराएका छन् । ज्ञान केन्द्र प्रमुख राजेश्वर सिलवालसहितका प्राविधिकको टोलीले स्थलगत जाँच गरेको छ ।

गवारो कीरा र खेत कुहिने रोगका कारण अधिकांश किसानको रोपो कुहिएको र सुकेको सिलवालले बताउनुभयो । सिलवालका अनुसार किसानमा प्राविधिक ज्ञानको अभावले रोपो कुहिने र सुक्ने समस्या देखिएको हो ।

जथाभावी झारनाशक विषादीको प्रयोग गरेका कारण पनि रोपोमा समस्या देखिएको उहाँले बताउनुभयो । "रोपो कुहिएको र सुकेको भन्दै दैनिक कृषि ज्ञान केन्द्रमा सात जनाभन्दा बढी किसान आउनुहुन्छ," सिलवालले भन्नुभयो, "खेतमै पुगेर अनुगमन गर्ने विषादी दिएर पठाउने गरेको उहाँले र सल्लाह सुझाव दिने गरेका छौं ।" गौरिया, मसिनो, गुडुरा, जेठोबुढो र हाइब्रिड धानमा बढी समस्या देखिएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत सन्तोष अधिकारी बताउनुभयो । निरीक्षणपश्चात समस्याअनुसार बताउनुभयो । उहाँका अनुसार रोपो पहेँलो हुने समस्या देखिएपछि किसानले युरिया मल प्रयोग गर्दा समस्या थपिएको हो । जिल्लामा धानखेती हुने पाँच हजार ७०७ सात हेक्टर क्षेत्रफलमध्ये पाँच हजार ४७८ हेक्टर क्षेत्रफलमा यसवर्ष रोपाइँ भएको छ ।रासस

## नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमासामान्यअङ्कोसुधार देखिएको छ। मंगलबार परिसूचक चार दशमलव ८३ अङ्कले बढेर दुई हजार ७६६ दशमलव ०९ बिन्दुमा कायम भएको हो।

मंगलबार ३२२ कम्पनीको ९२ लाख ४३ हजार २३२ कित्ता शेयर ४५ हजार ११६ पटक खरिदबिक्री हुँदा रु चार अर्ब १८ करोड ५३ लाख १५ हजार ७३४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

मंगलबारको कारोबारमा लगानी समूह शून्य दशमलव १०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६८, लघुवित्त शून्य दशमलव ४८ र निर्जीवन बीमा समूह शून्य दशमलव १० प्रतिशतले घटेको छभने अरु सबै समूहको उपसूचक बढेको छ। बैंकिङ शून्य दशमलव १४, विकास बैंक शून्य दशमलव ९६, वित्त शून्य दशमलव १२, होटल तथा पर्यटन शून्य दशमलव १७, जलविद्युत् शून्य दशमलव ०७ र जीवन बीमा समूह शून्य दशमलव ०६ प्रतिशतले बढेको छ। त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव १३, व्यापार शून्य दशमलव ११ र अन्य समूह एक दशमलव ४२ प्रतिशतले बढेको छ।

विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा मंगलबार सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने कुमारी सबल योजनाको शेयर मूल्य तीन दशमलव ६६ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ४८ करोड ९५ लाख ७८ हजार २२४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन ८०-२० को छ लाख ५२ हजार ८२ कित्ता शेयर किनबेच भएको छ।रासस

## श्री कृष्ण दुग्ध उत्पादन सहकारी संस्था लि.
### लोहारपट्टी न.पा ०४, महोत्तरी
### डेरी यन्त्र तथा उपकरणहरु खरिदको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**शिलबन्दी दरभाउपत्र नं. ०१-२०८२/२०८३**

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८२/५/१०**

श्री कृष्ण दुग्ध उत्पादन सहकारी संस्था लिमिटेड, लोहारपट्टी न.पा ०४, महोत्तरी GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागि यस सहकारी संस्था र GGGI को संयुक्त लगानिमा Milk Production Program सुरुवात तथा स्तरोन्नती गर्नको लागि आवश्यक डेरी मेसिनरी तथा उपकरणहरु खरिद गर्नु पर्ने छ।

उल्लेखित परियोजना अन्तर्गत Milk Production Program को लागि तपसिल अनुसारका डेरी मेसिनरी तथा उपकरणहरु आपुर्तिको लागि शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ । साथै देशैभरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता, आपुर्तिकर्ता तथा बितरकहरुबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यलय समय भित्र गोप्य शिलबन्दी दरभाउ पेश गर्नुहुन वा ईमेल ठेगाना shreekrishna20799@gmail.com मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आपूर्ति गरिने सामग्रिहरुको बिवरणः-**

लिङ्कः- https://drive.google.com/drive/folders/1ozGoFJ0xxbxUwhJ1hcnVxJyMPPWrLFKX?usp=drive_link

**तपसिलः-**

१. माथि उल्लेखित मेसिनरी तथा उपकरणहरु एकमुष्ट वा छुट्टाछुट्टै खरिद गर्न सकिनेछ। ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले आफुसँग उपलब्ध मेसिनरी तथा उपकरणहरु मात्रको लागि पनि शिलबन्दी दरभाउ पेश गर्न सकिनेछ। गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्रि पश्चातको सेवा सुबिधालाई उच्च प्राथमिकता दिईनेछ।
२. बिक्रेतालाई भुक्तानी गर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ।
३. उपरोक्त कारोबार भदौ ९ देखि मंसिर १५, २०८२ सम्म संचालन गरिनेछ।
४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले संस्थाको कार्यलयमा उपस्थित भई वा (माथि लिङ्क बाट डाउनलोड गरि) प्राप्त गर्न सकिने छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस सहकारी संस्थाको कार्यलयमा दरभाउ उल्लेखित गरि पेश गर्न सकिने छ (अन्तिम दिन बिदा परेमा सो पछिको कार्यलय खुल्ने दिनमा तोकिएको समयमा पेश गर्न सकिनेछ)।
५. शिलबन्दी दरभाउँ पत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/२०८२ वा म्याद थपको पत्र सहित २०८०/२०८१ को करचुक्ता) पेशगर्नु पर्नेछ।
६. शिलबन्दी दरभाउँ पेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्क वापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरि, जम्मा गरेको भौचर शिलबन्दी दरभाउँसंग पेशगर्नु पर्नेछ।
७. बोलपत्र फाराममा उल्लेखित प्रत्येक मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुबैमा स्पष्ट लेखिएको हुनुपर्नेछ। अंकअक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन।
८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरि लाहाछापले शिलबन्द गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन।
९. पेश गरिएका बोलपत्रहरु मिती २०८२ भदौ ३० गते १ बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधीको उपस्थितीमा यस संस्थाको कार्यलयमा खोलिने छ। तोकिएको दिनमा बोलपत्र दाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि शिलबन्दी दरभाउँ खोल्न कुनै बाधा पर्ने छैन। तर सो दिन सार्वजानिक बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन शिलबन्दी दरभाउँ खोलिने छ।
१०. म्याद नाघी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।
११. अन्य शर्तहरु श्री कृष्ण दुग्ध उत्पादन सहकारी संस्था लि. को खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलीत कानुन बमोजिम हुनेछ। निर्णयको सर्वाधिकार श्री कृष्ण दुग्ध उत्पादन सहकारी संस्था लि. मा निहित रहनेछ।
१२. बोलपत्रदाताले जम्मा प्रस्तावितक बोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यलयको नाममा जारी भएको पत्र पेश गर्नु पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाममा रहेको खाता नं. ०९६०१०००००६६०२०१ Citizens International Bank Limited मा दखिला गरि जम्मा गरेको बैंक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र शिलबन्दी बोलपत्र संगै पेश गर्नु पर्ने छ।
१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ।

**बोलपत्र पेश गर्ने र खोलिने ठेगानाः**
श्री कृष्ण दुग्ध उत्पादन सहकारी संस्था लि. मधेश प्रदेश
लोहारपट्टी न.पा ०४, महोत्तरी
ईमेलः shreekrishna20799@gmail.com
अध्यक्षः- शत्रुहन यादव (९८१३६६१९८३)

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जलेश्वर, महोत्तरीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पपत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०५/११ गते बुधवारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/१२/२९ गते शुक्रवारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले मिति २०८२/०३/१७ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८२/०५/१८ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय जलेश्वर, महोत्तरीमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१. ऋणी :** प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपोभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा प्राइभेट रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७१/०५/२० मा प्रा.फ.र.नं. २६७७/२९/०७१/०७२ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुर, धनुषाबाट मिति २०७१/०५/२३ (मु.अ.क.मा दर्ता मिति २०७१/०५/२३) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०२५१४४१९ को प्रमाणपत्र प्राप्त **अम्बिका इन्टरप्राइजेज ।** ठेगाना : महोत्तरी जिल्ला जलेश्वर नगरपालिका वडा नं. २ (शाखा ठेगानाः लोहारपटी न.पा. वडा नं. ६, महोत्तरी)।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : अंजु कुमारी**<br>(ना.प्र.नं. १८-०१-७०/०७९५०, जारी मिति २०७०/०९/३० जारी गर्ने कार्यालय जि.प्र.का.महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला एकडारा गा.पा. वडा नं. ५, (साविक कोल्हुवा वगेया गा.वि.स. वडा नं. ३) ।<br>बाबु : दुखरन साह । पति : राम एकवाल साह । ससुरा : ब्रहमदेव साह । | **जमानतकर्ता : राम एकवाल साह**<br>(ना.प्र.नं. ४९९३२३४५, जारी मिति २०६१/०६/०७, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला एकडारा गा.पा. वडा नं. ५, (साविक कोल्हुवा वगेया गा.वि.स. वडा नं. ३) ।<br>बाबु : ब्रहमदेव साह । बाजे : किशोरी साह । |

**२. ऋणी :** प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, तथा वन मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी प्राइभेट रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/११/२५ मा प्रा.फ.र.नं. २६/८/०७४/०७५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुर, जलेश्वरबाट मिति २०७५/०६/११ (मु.अ.क.मा दर्ता मिति २०७५/०६/११) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८५३३९७३ को प्रमाणपत्र प्राप्त **हिमाल फिक्स ईटा उद्योग ।** फर्मको ठेगाना : महोत्तरी जिल्ला रामगोपालपुर नगरपालिका वडा नं. ९ ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : राम एकवाल साह**<br>(ना.प्र.नं. ४९९३२३४५, जारी मिति २०६१/०६/०७, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला एकडारा गा.पा. वडा नं. ५, (साविक कोल्हुवा वगेया गा.वि.स. वडा नं. ३) ।<br>बाबु : ब्रहमदेव साह ।<br>बाजे : किशोरी साह । | **जमानतकर्ता : कअंजु कुमारी**<br>(ना.प्र.नं. १८-०१-७०/०७९५०, जारी मिति २०७०/०९/३० जारी गर्ने कार्यालय जि.प्र.का.महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला एकडारा गा.पा. वडा नं. ५, (साविक कोल्हुवा वगेया गा.वि.स. वडा नं. ३) ।<br>बाबु : दुखरन साह । क<br>पति : राम एकवाल साह । ससुरा : ब्रहमदेव साह । |

**३. ऋणी :** नेपाल सरकार (साविक श्री ५ को सरकार), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रको कार्यालय, प्राइभेट/पब्लिक लिमिटेड कम्पनी अध्यादेश बमोजिम मिति २०६३/०१/२७ रोज ४ मा दर्ता नं. ३९४०३/०६२/०६३ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुरबाट मिति २०६३/१०/०४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०२३६३९७९ को प्रमाणपत्र प्राप्त **मोनु मनि एक्सप्रेस रेमिटान्स प्रा.लि. ।** ठेगाना : महोत्तरी जिल्ला जलेश्वर नगरपालिका वडा नं. ४ (हालः जलेश्वर न.पा. वडा नं. २) ।

| | |
|---|---|
| **संचालक तथा जमानतकर्ता :** राम एकवाल साह<br>(ना.प्र.नं. ४९९३२३४५, जारी मिति २०६१/०६/०७, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला एकडारा गा.पा. वडा नं. ५, (साविक कोल्हुवा वगेया गा.वि.स. वडा नं. ३) ।<br>बाबु : ब्रहमदेव साह ।<br>बाजे : किशोरी साह । | **जमानतकर्ता :** अंजु कुमारी<br>(ना.प्र.नं. १८-०१-७०/०७९५०, जारी मिति २०७०/०९/३० जारी गर्ने कार्यालय जि.प्र.का.महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला एकडारा गा.पा. वडा नं. ५, (साविक कोल्हुवा वगेया गा.वि.स. वडा नं. ३) ।<br>बाबु : दुखरन साह ।<br>पति : राम एकवाल साह । ससुरा : ब्रहमदेव साह । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. राम एकवाल साहको नाममा मालपोत कार्यालय, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला बहेराजब्दी गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ कित्ता नं. क्रमसः ३४१, २७४, ३४० र ३४३ क्षेत्रफल क्रमसः ०-६-१४-०, ०-५-१८-०, ०-६-०-० र ०-११-११-० (बिघा) घर/जग्गा र ऐ.ऐ. वडा नं. ६ नक्सा सिट नं. ६ कित्ता नं. क्रमसः ४२२, ४१८, ४३४, ४३२, ४४७, ४४६ र ४३८ क्षेत्रफल क्रमसः ०-२-१०-०, ०-१-१६-०, ०-१-१२ ३/४-०, ०-५-०-०, ०-०-१५ १/२-०, ०-४-९-० र ०-०-१८ ३/४-० (बिघा)को घर/जग्गा र महोत्तरी जिल्ला कोल्हुवा वगेया गा.वि.स.वडा नं. ३ नक्सा सिट नं. ३ कित्ता नं. ५८२ क्षेत्रफल ०-०-१३-० (बिघा)को घर/जग्गा र ऐ. जि. सहसौला गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९क कित्ता नं. ४४२ र ४९० क्षेत्रफल ०-०-१०-० र ०-४-१-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........................................१
२. अंजु कुमारीको नाममा मालपोत कार्यालय, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला सारीभारी गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ कित्ता नं. क्रमसः ८५६, १७११ र १७१२ क्षेत्रफल क्रमसः ०-०-६-०, ०-०-९.७५-० र ०-०-११-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .................................१
३. ऋणी **अम्बिका इन्टरप्राइजेज, हिमाल फिक्स ईटा उद्योग र मोनु मनि एक्सप्रेस रेमिटान्स प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ....................................................... १

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा शाखा कार्यालय जलेश्वर, महोत्तरी**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ र शाखा कार्यालय जलेश्वर, महोत्तरीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# चौरचन पर्व सांस्कृतिक मेलमिलाप

टुडे समाचारदाता



जनकपुरधाममधेशप्रदेशलगायत मिथिलाञ्चलमा मंगलबार चौरचन पर्व श्रद्धापूर्वक मनाइएको छ । मंगलबार साँझ चन्द्रमालाई पूजा अर्चना गरी चौरचन पर्व उल्लासपूर्वक मनाइएको छ। भदौं चतुर्थी तिथिका दिन मनाइने यो पर्वलाई 'चौठचन्द्र' चौरचन पनि भनिन्छ। संस्कृत भाषाको चतुर्थी ध्वन्यात्मक भेदले गर्दा चौठी वा चौठ भएको हो।

लोकधारणा अनुसार भदौं शुक्ल चतुर्थीको दिन उदाउने चन्द्रमा चोर हुने गरेको पनि भन्ने गरिन्छ । यस दिनको चन्द्रमाको दर्शन खाली हात गर्नु हुँदैन, यसो गरेमा दोष लाग्छ भनिन्छ। हातमा कुनै फल वा नैवेद्य लिई यस दिनको चन्द्रमाको दर्शन गरेमा दोष नलाग्ने मान्यता समेत रहेको छ।

चन्द्रमाको पूजासँग सम्बन्धित यो पर्व मिथिलाञ्चलको विशिष्ट पर्व हो । चन्द्रमा जीवनका हरेक क्षेत्रमा व्याप्त रहेका कारण मैथिलसमाजविशेषतःमधेशीसमाजले चन्द्रमालाई देउताका रूपमा श्रद्धापूर्वक पूजा गर्दै आएको छ। ज्योतिषशास्त्रमा चन्द्र मण्डललाई जलवृष्टिको आधार मानिएको छ। यही विश्वासले मैथिल समाज कुनै पनि शुभ कार्य गर्दा चन्द्रमाको स्थितिलाई महत्व दिन्छ।

मैथिलसमाजकोभाव,कल्पना र विचारमा चन्द्रमाको व्यापकत्व रहेकाकारणमैथिलसमाजलेधार्मिक अनुष्ठानदेखि साहित्य, संगीत, चित्रकलालगायतका विभिन्न क्षेत्रमा चन्द्रमालाई चन्द्रदेव भनी आराधना गर्दै आएको पाइन्छ।

चन्द्रमालाई मनको देउता पनि भनिन्छ । ऋग्वेदमा धनको प्राप्ति एवं सुस्वास्थ्यका लागि चन्द्रमाको यत्रतत्र प्रार्थना गरिएको पाइन्छ । चन्द्रमाको उपासनाले कफ रोग निको हुने, वीर्य दोषबाट निवृत्ति र चञ्चल मन एकाग्र हुने धारणा पाइन्छ। योगशास्त्र अनुसार चन्द्रबिम्बमा ध्यानले विश्वको समस्त घटनाको ज्ञान साधकले सहजताले प्राप्त गर्छ।

यो पर्वको प्रारम्भ मिथिला नरेश हेमांग ठाकुरद्वारा भएको मानिन्छ। उनी ज्योतिषशास्त्रमा भएकाले चन्द्रमाको पूजाको परम्परा प्रारम्भ गरेको धार्मिक विश्वास पाइन्छ।

मैथिल समाजका धेरैजसो परिवारमा यो व्रत गर्ने भाकल गरिएको हुन्छ। परिवारमा कसैलाई कुनै कष्ट भएको बेला यो पर्व गर्ने भाकल गरेर कष्ट निवारणका लागि चन्द्रमालाई बिन्ती गरिन्छ। यस्तो भाकल पाँचदेखि दश वर्षका लागि पनि गरिन्छ भने कतिपय अवस्थामा यो आजीवन हुने गर्छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ की रुबीदेवी झा झन्डै करिब एक दशकदेखि यो व्रत बस्दै आएकी छन् । चतुर्थीका दिन दिनभर उपवास बसी नैवेद्य लागि पकवान पकाइन्छ। साँझ भएपछि चन्द्रमाको विशेष विधिपूर्वक पूजा गरी यो पर्व सम्पन्न हुने उनी बताउँछिन्।

चौरचन पर्व मिथिला क्षेत्रको पारम्परिक लोकपद्धतिमा आधारित पर्व हो । यहाँ जति लोक परम्परा रहेको छ त्यसमा कुनै प्रकारको भेदभाव हुँदैन। यसमा कुनै तामझाम हुँदैन। यसमा प्रयोग हुने विभिन्न सामग्री जस्तै माटोको भाँडा, फलफूल, पिठोबाट बनेको परिकार, दहीलगायतका सम्पूर्ण सामग्री आफ्नै घर आँगनबाट उत्पादन भएको प्रयोग हुन्छ।

व्रतालु झाले जनाए अनुसार मानिस जन्म लिएपछि उनीहरूले सूर्य र चन्द्रमालाई मात्र हेर्‍यो बाँकी सबै देवी देवतालाई शास्त्रीय विधि अनुसार प्रतिष्ठानमा राखेर पूजापाठ गरिन्छ। चौरचन पर्वको आयोजना भाद्र शुक्ल चतुर्थी तिथिका दिन रातिमा चन्द्रमाको पूजा गरी मनाइने गरिन्छ।

# वीरगञ्जमा हैजा संक्रमण पुष्टि, विद्यालय फेरि तीन दिन बन्द

टुडे समाचारदाता

जनकपुरधाम । पर्साको वीरगञ्जमा उपचाररत्त झाडापखालाका बिरामीहरूको दिशाको कल्चर टेष्ट (परीक्षण)मा पनि हैजा नै पुष्टि भएको जनाइएको छ।

यसअघि वीरगञ्जमा गरिएको किट टेष्टमा हैजाको संक्रमण पुष्टि भइसकेको भए पनि जनकपुरधाम र काठमाण्डुको प्रयोगशालामा गरिएको कल्चर टेष्टमा पनि हैजा संक्रमण पुष्टि भएको छ।



गत शुक्रबारदेखि वीरगञ्जका विभिन्न वडामा हैजाको लक्षण देखिएका बिरामीहरू अस्पतालमा भर्ना हुन थालेपछि शनिबार मधेश प्रदेशको प्रादेशिक स्वास्थ्य निर्देशानलयको टोलीले कल्चर टेष्टका लागि नारायणी अस्पताल र तराई हस्पिटलमा उपचाररत ३२ जना बिरामीको दिसाको नमूना संकलन गरेको थियो।

जसमध्ये २२ वटा नमूना जनकपुरधामस्थित प्रादेशिक जस्वास्थ्य प्रयोगशालामा र बाँकी १० वटा नमूना काठमाण्डुको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको थियो । ती दुवै प्रयोगशलामा गरिएको कल्चर टेष्टमा पनि हैजाको संक्रमण पुष्टि भएको छ।

जनकपुरधामस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा गरिएको कल्चर टेष्टमा १२ वटा नमूनामा हैजाको जीवाणु भिब्रियो कोलेरा भेटिएको प्रयोगशालाका मेडिकल ल्याब टेक्नोलोजिस्ट रामेश्वर दासले जानकारी दिए। १० वटा नमूनाको कल्चर टेष्ट भने प्रक्रियामै रहेको र त्यसको रिपोर्ट सम्भवतः बुधबार आउन उनले बताए।

त्यस्तै काठमाण्डुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको कल्चर टेष्टमा पनि ८ वटा नमूनामा हैजाको संक्रमण पुष्टि भएको छ। ८ वटा नमूनाको कल्चर टेष्टमा हैजाको जीवाणु भिब्रियो कोलेरा भेटिएको प्रयोगशालाका प्रमुख डा. रञ्जन भट्टले बताए। बाँकी २ वटा नमूनाको कल्चर रिपोर्ट भने बुधबार आउने उनले बताए।

यसअघि वीरगञ्जमा स्वास्थ्य कार्यालय र वीरगन्ज महानगरपालिकाले कीटबाट गरेको परीक्षणमा हैजाको पुष्टि भइसकेको भए पनि कल्चर टेष्टका लागि पठाइएका बिरामीका दिसाको नमूना परीक्षणमा पनि हैजाकै जीवाणु भेटिएको रिपोर्ट मंगलबार साँझ आएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले पनि बताए।

उनले मंगलबार साँझ प्राप्त कल्चर टेष्टको रिपोर्टले वीरगन्जमा हैजाको महामारी समुदायस्तरमै फैलिएको पुष्टि भएको बताए।

त्यस्तै पर्साको वीरगञ्जमा हैजा संक्रमितको संख्या एक सयभन्दा बढी भएको छ।

वीरगञ्ज महानगरपालिकाको स्वास्थ्य शाखाले मंगलबार साँझ सार्वजनिक गरेको तथ्यांक अनुसार हैजा संक्रमितको संख्या ११४ पुगेको छ । तथ्यांक अनुसार आईसीयूमा ३१, एचडीसीयूमा ६ र वार्डमा १६९ जना झाडापखला र हैजाका बिरामी उपचाररत्त छन्।

शुक्रबारदेखि विभिन्न अस्पतालमा ३९० जना झाडापखला र हैजाका बिरामी भर्ना भएका थिए । जसमध्ये १८४ जना झाडापखला र हैजाका बिरामी उपचारपछि अस्पतालहरूबाट डिस्चार्ज भएका छन्।

वीरगञ्ज महानगरका विभिन्न १६ वटा अस्पतालमा २०६ जना झाडापखला र हैजाका बिरामी उपचाररत रहेको महाशाखाले जनाएको छ।

महाशाखाले जनाए अनुसार आरडीटी परीक्षणमा नारायणी अस्पतालमा ४३, तराई अस्पतालमा ३८, नेसनल मेडिकल कलेजमा १५ जना झाडापखलाका बिरामीमा हैजा संक्रमण पुष्टि भएको छ।

त्यस्तै भवानी अस्पताल, वीरगञ्ज हेल्थ केयर र मंगलम प्याथोलोजिमा गरिएको आरडीटी परीक्षणमा समान ३/३ जनामा हैजा संक्रमण पुष्टि भएको छ।

त्यस्तै अली अर्थो अस्पताल र एड्भान्स सेन्ट्रल अस्पतालमा गरिएको परीक्षणमा समान २/२ जनामा हैजा संक्रमण पुष्टि भएको छ।

नारायणी सेन्ट्रल हस्पिटल, नेपाल इन्डो हस्पिटल, नीलकण्ठ हस्पिटल, नेपाल मेडिसिटी वयोद्या हस्पिटल र सर्वोत्तम हस्पिटलमा गरिएको आरडीटी परीक्षणमा समान १/१ जनामा हैजा संक्रमण पुष्टि भएको महाशाखाले जनाएको छ।

यता वीरगञ्ज महानगरपालिकामा हैजा सङ्क्रमणको जोखिम कायमै रहेपछि महानगरका सम्पूर्ण विद्यालयहरू थप तीन दिनका लागि बन्द भएका छन्।

महानगरपालिकाको कार्यालयमा मंगलबार नगरप्रमुख स्तरीय बसेको बैठकले यस्तो निर्णय गरेको हो। महानगरको बैठकले बुधबारदेखि शुक्रबारसम्म विद्यालय बन्द गर्ने निर्णय गरेको छ।

शैक्षिक प्रशासन महाशाखाका कर्मचारी आनन्द लामिछानेका अनुसार यसअघि दुई दिनका लागि बन्द गरिएका विद्यालयहरू थप तीन दिनका लागि बन्द गर्ने निर्णय गरिएको हो।

हैजा फैलिएकोले सङ्क्रमणबाट जोगाउनका लागि विद्यालय बन्द गरिएको महानगरपालिकाले जनाएको छ । यस अवधिमा शिक्षकहरूलाई भने हैजा नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आग्रह गरिएको छ।

हैजा संक्रमितहरुमध्ये डिस्चार्ज हुने संख्या बढे पनि नियन्त्रणमा भने आएको छैन।

# उखु किसानप्रति ऐक्यवद्धता

टुडे समाचारदाता

जनकपुरधाम। प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र नेसपा नयाँ शक्तिले उखु किसानको आन्दोलनप्रति ऐक्यवद्धता जनाएको छ।

पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई तथा उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले उखु किसानको आन्दोलनप्रति ऐक्यवद्धता जनाउन पुगेका छन्।

पूर्वप्रधानमन्त्रीद्वय र श्रेष्ठले मंगलबार काठमाण्डुको माइतीघरमा पुगेर उखु किसानको आन्दोलनमा ऐक्यबद्धता जनाएका छन्।

सो क्रममा नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष समेत रहेका नेपाल र नेपाल समाजवादी पार्टी (नयाँशक्ति) का अध्यक्ष भट्टराई तथा श्रेष्ठले उखु किसानहरूले पाउँदै आएको अनुदान कटौती गर्ने सरकारको निर्णयको विरोध गरे।

सरकारले अनुदान कटौती गरेको विरोधमा देशैभरिका उखु किसानले गएको आइतबारदेखि काठमाडौंको माइतीघरमा अनिश्चितकालीन धर्ना दिइरहेका छन्।



उखुका लाँक्रासहित संघीय राजधानी आएका किसानले अनुदान माग गर्दै धर्ना सुरु गरे पनि सरकारले अहिलेसम्म चासो देखाएको छैन।

धर्नामा तराईरमधेसका १३ जिल्लाका अगुवा किसानको सहभागिता छ। सर्लाही, महोत्तरी, सिराहा, रौतहट, बारा, सुनसरी, मोरङ, नवलपरासी, कञ्चनपुरलगायत तराईरमधेशका जिल्लाबाट आएका उखु किसान धर्नामा सहभागी छन्।

गएको असार अन्तिम साता बसेको मन्त्रिपरिषद् बैठकले उखु किसानले पाउँदै आएको प्रतिक्विन्टल उखुको ७० रुपैयाँ अनुदान कटौती गर्ने निर्णय गरेको थियो।

गत वर्ष क्रसिङ भएको उखुको प्रतिक्विन्टल ३५ रुपैयाँका दरले अनुदान दिने निर्णय सरकारले गरे पनि चालु आर्थिक वर्षको बजेटमा भने उखुको अनुदानका लागि सरकारले कुनै बजेट विनियोजन गरेको छैन।

यसबाट यो वर्ष क्रसिङ हुने उखुको अनुदान किसानले नपाउने निश्चित जस्तै देखिएको छ। किसानले २०६६ सालदेखि उखुमा अनुदान पाउँदै आएका थिए।

चालु आर्थिक वर्षको बजेटमा उखु किसानलाई दिने अनुदानको कुनै व्यवस्था नगरेको सरकारले गत वर्ष क्रसिङ भएको उखुकै पनि अझै अनुदान दिएको छैन।

सरकारले अनुदान रकम कटौती गर्दा लाखौं किसान उखु खेतीबाट पलायन हुने अवस्था आएको उखु किसानले बताएका छन्।

उनीहरूले किसानले पाउँदै आएको प्रतिक्विन्टल ७० रुपैयाँ अनुदानलाई निरन्तरता दिनुपर्ने माग गरेका छन्।

# कोशी प्रदेशमा आमसञ्चार विधेयक 'होल्ड'

टुडे समाचारदाता

विराटनगर। कोशी प्रदेशको प्रदेशसभाबाट पारित गर्ने अन्तिम चरणमा पुगेको 'प्रदेश आमसञ्चार सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक' जस्ताको तस्तै पारित नगर्ने मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रतिबद्धता व्यक्त गरेका छन्।

नेपाल पत्रकार महासंघलगायत विभिन्न सञ्चारसम्बद्ध संघ संस्थाको विरोधपछि सरकार विधेयकलाई केही समय 'होल्ड' गर्ने, संसद्‌बाटै फिर्ता लिने वा समितिमा पुनः फिर्ता पठाउने भन्ने विकल्पमा छलफलमा लागेको छ।

पत्रकार महासंघ कोशी प्रदेशसमितिको नेतृत्वमा ज्ञापन पत्र बुझाउन पुगेको टोलीसँग कुरा गर्दै मुख्यमन्त्री कार्कीले यतिका विरोध भइसकेपछि विधेयक जस्ताको तस्तै पारित नहुने बताए।



मुख्यमन्त्री कार्कीले प्रदेश सरकार प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र प्रजातन्त्रप्रति प्रतिबद्ध रहेको जानकारी दिँदै सञ्चार क्षेत्रलाई व्यवस्थित गर्ने कुरामा आफ्नो ध्यान रहेको बताए।

मुख्यमन्त्री कार्कीले प्रदेशसभाको यो अधिवेशनबाट सो विधेयक पारित नहुने पनि बताए।

नेपाल पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्‌काले विधेयकमा प्रेस स्वतन्त्रताविरोधी प्रावधान राखिएको बताए।

**होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?**

**विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,**

- होडिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रकोलागिसम्बन्धितस्थानीयतहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहको प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यसको होडिङ्ग बोर्ड हटाउनुपर्ने ब्यवस्था छ।

**त्यसैले अनुमति प्राप्त गर्न:**

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होडिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होडिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं

बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# "सारा तीर्थ बारम्बार, गंगासागर एकपटक" : गंगासागर स्नानको महत्व

सञ्जय मिश्रा

रौतहट । हिन्दु संस्कृतिमा प्रचलित उखान "सारा तीर्थ बारम्बार, गंगासागर एकपटक" गंगासागर यात्राको महत्वलाई प्रस्ट् याउँछ । यसको अर्थ अन्य तीर्थ स्थानहरूको यात्रा जीवनमा धेरैपटक गर्न सकिन्छ, तर गंगासागरको यात्रा भने जीवनमा कम्तीमा एकपटक गर्नै पर्छ भन्ने विश्वास छ।

गंगासागर, जहाँ गंगा नदी बंगालको खाडीमा मिसिन्छ, हिन्दूहरूका लागि अत्यन्त पवित्र स्थल मानिन्छ। विशेषगरी मकर संक्रान्ति का दिन यहाँ स्नान गर्नाले मोक्ष प्राप्त हुने जनविश्वास छ । भनिन्छ, गंगासागरमा स्नान गर्नाले सय अश्वमेध यज्ञ र हजार गाई दान बराबरको पुण्य प्राप्त हुन्छ।

## कठिन यात्रा र आजको सहजता

पहिलाका समयमा गंगासागर पुग्न निकै कठिन हुन्थ्यो, जसकारण सबै श्रद्धालु यहाँ पुग्न सक्दैनथे । यही कारणले पनि "गंगासागर एकपटक" भन्ने भनाइ प्रचलित भयो। तर आधुनिक यातायात र सञ्चार सुविधाले गर्दा आज यो यात्रा सजिलै गर्न सकिने बनेको छ।

## गंगासागरको पौराणिक कथा

हिन्दु धर्मग्रन्थअनुसार, गंगासागरको कथा राजा सगर र कपिल मुनि सँग जोडिएको छ । राजा सगरले अश्वमेध यज्ञ गर्दा इन्द्रले घोडा चोरी गरी कपिल मुनिको आश्रम नजिक राखिदिए । घोडा खोज्दै आएका राजा सगरका ६० हजार छोराले कपिल मुनिलाई चोरीको आरोप लगाए । यस आरोपबाट क्रोधित कपिल मुनिले ती सबैलाई श्राप दिँदै भस्म पारे।

पछि राजा सगरका वंशज राजा भगीरथ ले कठोर तपस्या गरी गंगालाई पृथ्वीमा ल्याए । भगवान शिवले गंगालाई आफ्नो जटाबाट पृथ्वीमा अवतरित गरिदिए।

गंगा भगीरथलाई पछ्याउँदै समुद्रमा पुगिन् जहाँ सगरका पुत्रहरूको राख रहेको थियो। गंगाको पवित्र जलले स्पर्श गर्दा सबैलाई मोक्ष प्राप्त भयो।

यस घटनाको सम्झनामा गंगासागर नाम प्रसिद्ध भयो र यहाँ हरेक वर्ष मकर संक्रान्तिमा विशाल गंगासागर मेला लाग्छ।

## कपिल मुनि मन्दिर

गंगासागरको आध्यात्मिक केन्द्र कपिल मुनि मन्दिर हो। यसमा कपिल मुनि, गंगादेवी र राजा भगीरथका मूर्तिहरू स्थापना छन्। श्रद्धालुहरू स्नानपछि यस मन्दिरमा पूजा अर्चना गरी आशीर्वाद लिन्छन्।

## धार्मिक महत्व

विश्वास छ, गंगासागरमा स्नान गर्दा सबै पाप नष्ट हुन्छन् र मोक्ष प्राप्त हुन्छ। जसरी अन्य तीर्थ स्थानहरूमा पटक-पटक पुग्न सकिन्छ, गंगासागरलाई जीवनमा एकपटक अवश्य पुग्नुपर्ने स्थानका रूपमा हेरिन्छ।

## गंगासागरको भौगोलिक स्थिति

गंगासागर, जसलाई सागर द्वीप पनि भनिन्छ, भारतको पश्चिम बंगाल राज्यको दक्षिण २४ परगना जिल्लामा अवस्थित छ। यो द्वीप कोलकाताबाट करिब १२०-१५० किलोमिटर दक्षिण तर्फ पर्दछ।

यो गंगा नदीको अन्तिम संगम स्थल हो जहाँ गंगा बग्दै आइ बंगालको खाडीमा मिसिन्छ । द्वीप समुद्री सतहमै अवस्थित भएकाले यसको भू-आकृति समथर छ।

गंगासागर पूर्वी भारतको तटीय क्षेत्रभित्र पर्ने भएकाले यहाँको मौसम उष्णकटिबंधीय प्रकृतिको हुन्छ । गर्मीयाममा उच्च तापक्रम र आर्द्रता रहन्छ भने वर्षायाममा पर्याप्त वर्षा हुन्छ।

भौगोलिक दृष्टिले, गंगासागर धार्मिक, सांस्कृतिक र प्राकृतिक महत्व बोकेको स्थान हो । यही कारणले प्रत्येक वर्ष मकर संक्रान्तिको अवसरमा यहाँ लाखौं श्रद्धालु स्नान गर्न आउँछन्।

# शिक्षक कुट्ने वडाध्यक्ष पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको प्रसौनी गाउँपालिका-६ का वडाध्यक्ष बृजकिशोर कुशवाहाले एक शिक्षकलाई बन्धक बनाएर कुटपिट गर्ने वडाध्यक्षलाई पक्राउ गरिएको छ।

पर्साको बहुदरमाई घर भई हाल प्रसौनी-६ बेलहिया बस्दै आएका शिक्षक नागेश्वर यादवलाई वडाध्यक्ष कुशवाहाको समूहले वडा कार्यालयमा बन्धक बनाएर कुटपिट गरेका छन्।



शिक्षक यादवलाई अर्धनग्न बनाएर पाता फर्काए हता बाँधेर कुटपिट गरिरहेको भिडियो नै बाहिरिएको छ । उनी स्मार्ट कोचिङका शिक्षक हुन्। घटना गत २८ साउनको छ।

केही व्यक्तिहरूले आफूलाई समातेर लगेपछि वडा कार्यालयमा बन्धक बनाएर वडाध्यक्ष कुशवाहासहितले कुटपिट गरेको पीडित शिक्षक यादवको गुनासो छ।

उनले भने, 'केही व्यक्तिले मलाई वडाध्यक्षले बोलाइरहेको भनेर समात्न आए। कलर समातेर लगेपछि वडाध्यक्ष कुशवाहाले नलकटुवा देखाएरभित्र बस्न भने । भित्र लगेर अर्धनग्न बनाए, हातखुट्टा बाँधे। ३/४ लात खुट्टाले हाने । त्यसपछि कुटपिट गरिरहे,' उनले अघि थप्दैं आफूमाथि भएको घटनाको वृतान्त बताए।

उनले वडाध्यक्ष कुशवाहा मादक पदार्थ सेवन गरेका थिए । त्यस बखत ८ जना बसेर रक्सी खाँदै आफूमाथि कुटपिट गरेको बताए।

उनले वडाध्यक्ष कुशवाहाले सादा कागजातमा जबजरजस्ती औंठाछाप र हस्ताक्षर गराएको, मारेर फाल्नसम्मको धम्की दिएको बताए।

घटना लगतै पीडित शिक्षक यादवले जिल्ला प्रहरी कार्यालय बारामा जाहेरी दिएका थिए । जाहेरीको आधारमा प्रहरीले वडाध्यक्ष कुशवाहालाई पक्राउ गरी शरीर बन्धक तथा कुटपिट मुद्दामा कारबाही अघि बढाएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

गाउँपालिका अध्यक्ष विनोदप्रसाद जयसवालले प्रहरीमा पीडिले जाहेरी दिए लगतै वडाध्यक्षलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको बताए।

नेकपा माओवादी केन्द्रबाट वडाध्यक्ष पदमा कुशवाहा निर्वाचित भएका छन् । घटना बाहिरिएपछि नेकपा माओवादी केन्द्रले उनलाई तत्कालै ६ महिनाका लागि पार्टीबाट निलम्बन गरेको जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८